# नेपालमा लैङ्गिक हिंसाको प्रकृति, जोखिम र त्यसलाई सम्बोधन गर्न चालिएका कदमहरुबारे हिंसा पीडितहरुका धारणा तथा एकद्वार संकट व्यवस्थापन केन्द्रको दायित्व


स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

२०७६

*Disclaimer: -*

*This material has been funded by UKaid from the UK government; however the views expressed do not necessarily reflect the UK government's official policies"*

**Supported by:-**

NHSSP Nepal Health Sector Support Programme

UKaid from the British people

# विषय सूची


परिचय : .......................................................................... 1
को, के र कहाँ : .................................................................. 1
पीडकः.............................................................................. 3
जोखिमका कारणहरु : ........................................................... 4
सामाजिक मूल्यमान्यता र लैङ्गिक असमानताले सिर्जना गरेका लैङ्गिक हिंसाहरु......................... 4
एकद्वार संकट व्यवस्थापन केन्द्रले पुऱ्याएका योगदानहरु : ................................ 6
एकद्वार संकट व्यवस्थापन केन्द्र पछि पीडितहरुको अवस्था ................................ 8
निष्कर्ष : .......................................................................... 9
स्वास्थ्य सेवाका प्राथमिकताहरु : ............................................... 9
लैङ्गिक हिंसा पीडितहरुका भोगाईमा आधारित मामिला अध्ययनहरु ..................................... 10

**नेपालमा लैङ्गिक हिंसाको प्रकृति, जोखिम र त्यसलाई सम्बोधन गर्न चालिएका कदमहरुबारे हिंसा पीडितहरुका धारणा तथा एकद्वार संकट व्यवस्थापन केन्द्रको दायित्व**

## परिचय :

लैङ्गिक हिंसाअन्तर्गत महिला र बालिकामाथि हुने हिंसाका साथै पुरुष र बालकप्रति हुने हिंसा पनि पर्दछन् । विश्वका अन्य देशमा जस्तै नेपालमा पनि महिला र किशोरीहरु लैङ्गिक हिंसाको पहिलो निसानामा पर्ने समूह हुन् । लैङ्गिक हिंसाको जडका रुपमा रहेका हाम्रा सामाजिक मूल्य मान्यता र लैङ्गिक असमानताहरुले महिला तथा किशोरीहरुमाथि हुने भेदभाव र हिंसालाई समाजले सहज रुपमा स्वीकार गर्ने गरेको पाइन्छ ।

यस पुस्तिकामा उल्लिखित घटनाहरु लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुले भोगेका अनुभवहरुको सङ्गालो हो । यसले लैङ्गिक हिंसाको प्रकृति, जोखिम र त्यसलाई ब्यबस्थापन गर्न चालिएका कदमहरुबारे जानकारी उपलब्ध गराउँदछ । यी घटनाहरु पीडित, उनीहरुका अभिभावक तथा अस्पतालस्थित एकद्वार संकट ब्यवस्थापन केन्द्र (One Stop Crisis Management Centres - OCMCs) का सेवा प्रदायकहरुबाट सङ्कलन गरिएका हुन् ।

यो अध्ययनले सेवा प्रदायकहरुबाट लैङ्गिक हिंसालाई सम्बोधन गर्न गरिएका प्रयासहरुलाई बुझ्न गरिएका अन्य अध्ययनहरुको पुरकका रुपमा पनि काम गरेको छ । यसका अतिरिक्त यस अध्ययनले पीडितहरुले उनीहरुका वास्तविक जीवनमा भोगेका हिंसाका घटनाहरुलाई बुझ्ने प्रयास गरेको छ । साथै उनीहरुले एकद्वार संकट ब्यवस्थापन केन्द्र तथा अन्य सम्बन्धित निकायहरुबाट आवस्यक सेवाहरु प्राप्त गरेपछि उनीहरुको जीवनमा आएको परिवर्तलाई पनि प्रस्तुत गर्ने प्रयास गरेको छ । लैङ्गिक हिंसा अन्त्य गर्न एकद्धार संकट ब्यबस्थापन केन्द्रको भूमिका र उत्तरदायित्वलाई थप प्रष्ट पार्न र सो उत्तरदायित्व पूरा गर्न केन्द्रहरुको क्षमता अभिबृद्धि गर्नु पर्ने विषयमा यस अध्ययनले दिशाबोध गराएको छ ।

**महिलामाथि हुने हिंसाको अन्त्य गर्ने संयुक्त राष्ट्रंसघको घोषणा (सन् १९९३) ले “कुनै पनि त्यस्तो कार्य जसको कारण महिलालाई भौतिक, यौनजन्य वा मनोवैज्ञानिक रूपमा हानी वा पीडा गर्ने/ गराउने लगायत महिलाहरुको सार्वजनिक वा नीजि जीवनमा त्यस्तो कार्यको जोखिम, जबरजस्ती वा स्वतन्त्रतामा मनोमानी वा बन्चित गर्ने/गराउने कार्यलाई लैङ्गिक हिंसाको परिभाषामा समेटिएको छ” ।**

## को, के र कहाँ :


यो अध्ययन सन् २०१७ देखि २०१९ सम्म २६ वटा एकद्वार संकट ब्यवस्थापन केन्द्रहरुबाट सङ्कलित ४५ घटनाहरुमा आधारित छ । हालसम्म नेपालमा ५६ वटा एकद्वार संकट ब्यवस्थापन केन्द्रहरु छन् जसमध्ये छानिएका २६ वटा एकद्वार संकट ब्यवस्थापन केन्द्रहरुले नेपालका तराई र पहाडी दुबै क्षेत्रको प्रतिनिधित्व गर्दछन् । तर यी घटनाहरुले पुरै नेपालमा हुने लैङ्गिक हिंसाका घटनाहरुलाई समेटेको छ भनेर भन्न सकिंदैन किनकी प्राय: जसो लैङ्गिक हिंसाका घटनाहरुको उजुरी नै पर्दैनन् र धेरै जसो पीडितहरु सहयोगका लागि पनि आउने गरेका छैनन् । यी

घटनाहरुले लैङ्गिक हिंसाको प्रकृति, किसिम, पिडकहरुको प्रकृति लगायत एकद्वार संकट व्यवस्थापन केन्द्रबाट सेवा लिएका हिंसा पीडित महिलाहरुका बारेमा जानकारी दिन्छ ।

**को :**

एउटा बाहेक सबै घटनाहरु महिला तथा किशोरीहरुमाथि घटेका हिंसाका घटनाहरु हुन् । पीडितहरु भर्खरै जन्मेको शिशुदेखि ७० बर्षसम्मका बृद्ध महिला छन् । छ जना पीडितहरु १० बर्ष र सोभन्दा कम उमेरका पनि छन् । धेरै जसो पीडितहरुले बारम्बार हिंसा भोगेका भए पनि यस बारेमा कसैसँग खुलेर कुरा गर्न सकेका थिएनन् । प्रायजसो हिंसा पीडित महिलाहरु घटना घटिसकेपछि मात्रै अस्पताल जाने गरेको वा उनीहरुलाई गम्भीर अवस्थामा अरुले नै अस्पताल पुऱ्याउने गरेको पाईएको छ । अस्पताल आए पछि पनि समाज तथा परिवारबाट हुने तिरस्कारका कारणले प्रायः जसो पीडित महिला तथा किशोरीहरुले आफूमाथि भएको घरेलु हिंसा लुकाउने गरेको भेटिएको छ ।

तालिका नं. १: पीडितहरुको उमेर




**के :**

यस अध्ययनमा ३० वटा बलात्कारका घटनाहरु समेटिएका छन् भने ३ वटा बलात्कार गर्ने प्रयासका घटनाहरु रहेका छन् । पाँच बर्षका बालिका देखि ७० बर्षका बृद्ध महिलाको बलात्कार भएका घटनाहरु छन् भने आफ्ना बुबाहरु तथा हजुरबुबाहरुबाट पटक पटक बलात्कारको शिकारमा परेका बालिका तथा किशोरीहरुका घटनाहरु लगायत बैबाहिक बलात्कार तथा सामुहिक बलात्कारका घटनाहरु पनि यसमा समेटिएका छन् । घटनाका धेरै पीडितहरु बलात्कारका साथै अन्य किसिमका यौन हिंसा र शारीरिक हिंसाबाट पनि ग्रसित छन् । कुनै घटनामा नवजात शिशुलाई बाटैमा फालिएको अवस्थामा भेटिएको छ भने कुनै घटनामा महिलालाई बोक्सीको आरोपमा गाउँले सबै मिली कुटपीट गर्ने गरेको पाइएको छ । कुनै घटनामा त अपाङ्गता र मानसिक अशक्तता भएको कारण महिलाहरुलाई साङ्लामा बाँधेर ज्यादै दयनीय तथा अमानवीय स्थितिमा राखेको पनि पाइएको छ ।

**कहाँ :**

लैङ्गिक हिंसा घरभित्र र सार्वजनिक स्थल गरी दुवै स्थानमा घट्ने गरेको भेटिएको छ । प्रायःजसो लैङ्गिक हिंसाका घटनाहरु घरमै हुने गरेका छन् । विद्यालयमा, विद्यालयबाट घर फर्कदै गर्दा, गाईबस्तु चराउन जाँदा र कुनै घटना त अपहरण गरेर जङ्गलमा लगी बलात्कार गर्ने गरेको पनि पाइएको छ ।

## पीडकः

नेपालमा गरिएका अन्य अध्ययनहरुले जस्तै यस अध्ययनले पनि महिलाहरु आफन्त तथा घनिष्ठ व्यक्तिहरु खासगरी आफ्नै श्रीमानबाट नै सबैभन्दा बढी  हिंसाको खतरामा रहेको देखाएको छ । यो लैङ्गिक हिंसाका घटनाहरुको संगालोमा ७ जना किशोरीहरु परिवारका सदस्यहरुबाट पीडित छन् भने ११ जना किशोरीहरु परिवारका सदस्य बाहेक अरुबाट पीडित छन् । पैंतालिस घटनाहरु मध्ये धेरै जस्तो पिडकहरु महिलाकै श्रीमान, त्यसपछि छिमेकी पुरुष र सासु वा ससुरा रहेका छन् । सात वटा घटनामा अपरिचित मान्छे रहेका छन् भने २ वटा घटनामा चाहीँ पिडक किशोरीहरुका शिक्षक रहेको भेटिएको छ । घर भित्र हुने हिंसामा प्रायः जसो कुनै एक व्यक्तिको मात्र संलग्नता नभई अन्य व्यक्तिहरुको संलग्नता हुने गरेको देखिएको छ । जस्तै कुनै घटनामा श्रीमान, सासु, ससुराले एकै साथ महिलालाई कुटपिट र अन्य किसिमका लैङ्गिक हिंसा गर्ने गरेको पनि भेटिएको छ । पिडकमा परिवारका अन्य पुरुष सदस्यहरु, जस्तै काका, काकाका छोरा पनि हुने गरेको पाइएको छ  ।

तालिका नं. २ लैङ्गिक हिंसाका पिडकहरु

☐ परिवारका सदस्यहरु  ☐ परिवार बाहिरका परिचित पुरुषहरु  ☐ परिवार बाहिरका अपरिचित पुरुषहरु

<table>
<tr><td colspan="3" rowspan="2">परिवारका सदस्यहरु<br>सासु ससुरा<br>बुबा<br>हजुरबुबा</td><td rowspan="2">परिवार बाहिरका परिचित पुरुषहरु<br>छिमेकी</td><td>शिक्षक</td></tr>
<tr><td>प्रेमी</td></tr>
<tr><td rowspan="2">श्रीमान्</td><td rowspan="2">परिवारका अन्य पुरुष सदस्यहरु जस्तै काका, बुबा, नातेदार</td><td>बुबाआमा</td><td colspan="2" rowspan="2">परिवार बाहिरका अपरिचित पुरुषहरु</td></tr>
<tr><td>दिदीबहिनी</td></tr>
</table>

### जोखिमका कारणहरु :
लैङ्गिक असमानता र भेदभाव, बैबाहिक कलह, पारिवारिक बिखण्डन तथा सौतेनी/भ्रूाङ्केलो बाबुबाट महिला तथा किशोरीहरुमा हुने हिंसा जोखिमका साझा कारणहरु हुन् भन्ने कुरा अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययनहरुले पनि देखाएका छन् ।

पीडितहरुमा आधारित नेपालमा गरिएको यस अध्ययनले पनि यिनै जोखिमका कारणहरुलाई नै प्रतिबिम्बित गर्दछ । आमाबुबाको मृत्यु भएर घर छोडेर गएका कारण परिवारका अन्य सदस्यहरुले बच्चाको जिम्मेवारी लिनु, श्रीमान् घर छोडेर काम गर्न बाहिर जानु, कम उमेरमा बिबाह हुनु र महिलाहरु नागरिकताबाट बिमुख भएको स्थिति जस्ता जोखिमका कारणहरु पनि यस अध्ययनले देखाएको छ ।

मानसिक अपाङ्गता वा कमजोर मानसिक स्वास्थ्य अवस्था भएका व्यक्तिहरु नै सबैभन्दा बढी हिंसाको जोखिममा परेको देखिन्छ । शारीरिक वा मानसिक अपाङ्गता भएका किशोरी र महिलाहरु अपाङ्गता नभएका किशोरी तथा महिलाहरुभन्दा दश गुणा बढी लैङ्गिक हिंसाको जोखिममा पर्ने सम्भावना भएको अन्तर्राष्ट्रिय अध्ययनहरुले देखाएका छन् । अपाङ्गता भएका महिला तथा किशोरीहरु माथि हुने लैङ्गिक हिंसाको अवस्था  देखाउने प्रमाणहरु सीमित भएता पनि यस अध्ययनले उनीहरुमा लैङ्गिक हिंसाको जोखिम बढी रहेको थुप्रै उदाहरणहरु प्रस्तुत गरेको छ ।

**घटना १२** कलिलो उमेरको हुँदा नै आमा बितेपछि १६ बर्षकी एक किशोरी  आफ्ना काका र अन्य परिवारका सदस्यहरुसँग बस्ने गर्थिन् । उनका बुबाले अर्को बिबाह गरेपछि उनलाई काकाको घरमा छोडिदिएका थिए । उनलाई काकाले बारम्बार बलात्कार गरी अरु कसैलाई नभन्नु नत्र मारी दिन्छु भनेर धम्काउने गर्दथे । कसैलाई भन्न नसकेको कारणले नै उनलाई सुत्केरीको व्यथा लागे पछि मात्र बल्ल अरुले उनी गर्भवती रहेको कुरा थाहा पाए । पहिला त कसैलाई शङ्का पनि थिएन । बच्चा जन्माउँदा जन्माउँदै पनि उनकी काकीले उनलाई चरित्रहीन र नाजायज सम्बन्धबाट  बच्चा जन्माएकी भनी बेस्सरी झपारिरहेकी थिइन् । बच्चा जन्मिएपछि सो बच्चा काकाको हो भनेर सुनाइन् । प्रहरीमा उजुरी गरेपछि काकाले पनि आफ्नो अपराध स्वीकार गरे । अदालतबाट २० बर्षको जेल सजाय पाएर अहिले उनी थुनामा छन् ।

## सामाजिक मूल्यमान्यता र लैङ्गिक असमानताले सिर्जना गरेका लैङ्गिक हिंसाहरु
विद्यमान विभेदकारी सामाजिक मूल्यमान्यताले समाजमा लैङ्गिक असमानता बढाउन र महिलाहरुलाई शक्तिहीन अवस्थामा पुऱ्याउन प्रत्यक्ष योगदान गर्दछ । साथै पुरुषबाट महिला तथा बालबालिका माथि हुने हिंसालाई समाजले स्वीकार गर्दछ भन्ने कुरा यस घटना अध्ययनका विश्लेषणले देखाएको छ । असमान लैङ्गिक मनोवृत्ति, कुसंस्कारका रुपमा रहेका विद्यमान समाजिक मूल्यमान्यता र विश्वासले महिला तथा बालबालिकाहरुलाई हिंसाको जोखिममा पारेको र त्यसको बिरुद्धमा खुलेर बोल्ने, मद्दत लिने वा कानुनी उपचार लिने वा नलिने भन्ने निर्णयलाई पनि त्यसले प्रभाव पारेको देखिएको छ । घरपरिवार र व्यक्तिलाई लाग्ने कलङ्क र सामाजिक प्रतिष्ठा कै कारणले लैङ्गिक हिंसालाई अदृष्य जस्तै बनाइदिएको छ । यसले पीडितलाई नै आफै हिंसाको कारण भएको जस्तो बनाइदिने र उनीहरुलाई सम्बन्धित निकायबाट कुनै पनि मद्दत र न्यायिक उपचारबाट बिमुख बनाइदिने पनि गरेको छ । लैङ्गिक हिंसाका कारणबाट उत्पन्न जटिल समस्याहरु जस्तै गर्भवती हुन, गर्भ धेरै महिनाको भएर बच्चा जन्माउन बाध्य हुनु परेको कारणले पनि उनीहरु

अझ धेरै लज्जित हुनु परेको र समाज तथा परिवारमा उनीहरुको प्रतिष्ठामा पनि आँच पुगेको देखिन्छ ।

**घटना १०** बलात्कारको कारण १३ बर्षकी किशोरी गर्भवती भएपछि चुप लागेर बस्न बाध्य भईन् तर जब उनका शिक्षकले उनको पेट बढेको देखेर उनकी आमालाई भनिदिएपछि उनलाई अस्पतालमा रहेको एकद्वार संकट ब्यबस्थापन केन्द्रमा पुऱ्याइयो । गर्भवती भएको थाहा पाए पछि आफ्नो जेठो छोराको डरत्रास र समाजमा परिवारको इज्जत जाने डरका कारणले गर्दा उनकी आमाले किशोरीलाई घर लैजान मानिनन् । त्यसपछि किशोरीलाई बच्चा सहित एक गैर सरकारी संस्थाको आवास गृहमा पठाइयो । अहिले आमा र बच्चा दुबै त्यहीं छन् । उनको परिवार समाजमा इज्जत जाने डरले उनलाई भेट्न पनि आएका छैनन् । परिवारले यस घटनाको प्रहरीमा उजुरी दर्ता गर्न समेत दिएनन् ।

**घटना ४** मानसिक अशक्तता भएकी, बहिरी र बोल्न नसक्ने एक २१ बर्षकी महिला एक अपरिचित व्यक्तिबाट बलात्कृत भइन् । जब उनी गर्भवती भएको थाहा भयो समाजले घृणित रुपमा हेर्ने र समाजमा तिरष्कृत भइने डरका कारणले अभिभावकहरुले उनलाई घर लग्न चाहेनन् । तर निज सुत्केरी भएर बच्चा बच्न नसके पछि अभिभावकहरुलाई पटक पटकको मनोसामाजिक परामर्श गरेपछि मात्रै निज पीडित महिलालाई घर लग्न उनीहरु तयार भए । तर प्रहरीमा घटनाको उजुरी गर्न मानेनन् ।

**घटना १९** घर परिवारबाट अलग बसेर पढ्दै काम गर्दै गरेकी १७ बर्षकी किशोरीको आफ्नै काम गर्ने स्थलका एक व्यक्तिबाट बलात्कारको प्रयास हुँदै गर्दा उद्धार गरिएको थियो । तर परिवारले यस घटनाबारे पुलिसमा उजुरी गर्न मानेनन् । निज किशोरीले भनिन् "अहिले नै मैले धेरै बद्नामी कमाइ सकेँ । अझै प्रहरीमा उजुरी गरेर थप बद्नामी कमाउन चाहन्न । होटलको अङ्कलले पनि मैले उजुरी गरेमा मेरो नै बद्मानी हुने भन्नुभयो र अदालतमा पनि धेरै बाधा अड्चनहरु आउँछन् भन्नुभएकोले मैले मिलापत्रमा नै जाने निधो गरेँ ।"

प्रायः जसो घरेलु हिंसाको अबस्थामा पुरुषहरुले महिलाहरु माथि आफ्नो नियन्त्रण कायम राख्न एवम् उनीहरुलाई अधिकारबाट बंचित गर्न समेत यौन र शारीरिक हिंसालाई नै प्रयोग गर्ने गर्दछन् ।

**घटना ११** २५ बर्षकी महिला हिंस्रक श्रीमानबाट अलग भए पछि पनि निजबाट अझै बारम्बार हिंसा भोग्दै आएकी थिइन् । एक दिन उनका श्रीमान्ले फकाएर भेट्न बोलाई आफ्नो मोटर साइकलमा हालेर जङ्गलमा लगी आफ्नै दुईजना साथीहरुबाट उनलाई बलात्कार गर्न लगायो । ती महिला अझै पनि सुरक्षित आवास गृहमा बस्दै आएकी छिन् । उनले श्रीमान र उसका अरु २ जना साथीहरु बिरुद्ध प्रहरीमा उजुरी दर्ता गरेकी छिन् ।

**घटना ३०** संगोल परिवारमा बस्दै आएकी २७ बर्षकी तीन बच्चाकी आमाले आफ्नो श्रीमान्बाट बारम्बर भोगेका यौनजन्य, शारीरिक र भावनात्मक पीडाका अनुभवहरु सुनाईन् । उनले भनिन् "उनले हाम्रो बिबाह दर्ता गर्न अस्विकार गरेका छन् । उनले न त मेरो नगरिकता बनाउन मानेका छन् नत हाम्रो बच्चाहरुको वडामा जन्मदर्ता गराउन नै तयार भएका छन्" ।

**घटना १८** २५ बर्षकी महिलाका श्रीमान नेपाली सेनामा कार्यरत छन् । उनलाई उनका श्रीमान्, सासु, ससुरा मिलेर शारीरिक तथा भावनात्मक पीडा दिने गर्दथे । उनी शिक्षिका हुन् । उनी

विद्यालय जाँदा अरु पुरुषहरुसगँ हिँड्डुल गर्लिन् भन्ने आशङ्काले श्रीमानले उनलाई विद्यालय छोड्न बाध्य पारे ।

एकातिर बुहारी माथि हुने सासु ससुराको असीमित नियन्त्रण हाम्रो परम्परागत समाजिक मूल्यमान्यताले स्वीकारेको देखिन्छ र यी  मूल्यमान्यताका कारण कतिपय परिवारभित्र तनाब पनि सृजना गरेको देखिन्छ । त्यस्तो प्रवृत्तिले बुहारीलाई आफ्नो सम्पत्ति ठान्ने र हिंसामार्फत नै भए पनि उनीहरु माथिको नियन्त्रण र शोषण कायम राख्ने माध्यम बनाउनुका साथै उनीहरुलाई श्रीमान तथा सासु ससुराको अनावस्यक नियन्त्रणमा बस्न बाध्य पारेको  छ । यही बाध्यताले गर्दा धेरै महिलाहरु घरभित्र हुने हिंसाको कुसंस्कारको जालोमा अल्झिरहेका छन् ।

**घटना १५**  ३६ बर्षीया महिला आफ्नो श्रीमान्बाट यौनजन्य र शारीरिक हिंसा भोग्दै आएकी थिइन् । साथै उनले  आफ्नो सासुबाट पनि शारीरिक र भावनात्मक हिंसा खेप्दै आएकी थिइन् । उनका सासु ससुराले पनि उनलाई कुटपिट गर्नुका साथै छोरालाई पनि उनलाई छाडेर अर्को बिबाह गरी छोरा जन्माउन उक्साउने गर्दा रहेछन् । श्रीमान्को कुटपिटबाट हड्डी, करङ्ग भाँचिए पछि मात्रै उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगियो । यो जघन्य कुटपिट हुनु अगाडि पनि उनले आफूमाथि भएको हिंसाका बारेमा २ पटक प्रहरीमा उजुरी गरेकी थिइन् तर प्रहरीले श्रीमानसँग कुरा गरी मिलेर बस्न सल्लाह दिएर पठाएका थिए ।

**घटना २८**  २४ बर्षीया महिलाको सानै उमेरमा आफूभन्दा १६ वर्ष जेठो पुरुषसँग बिबाह भएको रहेछ । पहिलो बच्चा जन्मेपछि श्रीमान्ले उनीमाथि कुटपिट गर्न थालेछन् । उनले भनिन् "श्रीमान् नभएको बेला दुई तीन पटक ससुरा मेरो ओछ्यानमा यौनजन्य उद्देश्यले आएका थिए तर मैले ससुरासँग झगडा ै गरी मलाई छुन दिइन ।" यसबारेमा सासु र श्रीमान दुबैलाई भन्न खोज्दा सासुले उल्टै ससुरालाई लाञ्छना लगाई ससुराको बदनाम गर्न खोजेको भन्दै उनलाई नै दोष दिइन् । त्यसपछि सासु ससुराबाट छुट्टिएर बस्न थाले पनि श्रीमानको कुटपिट चाहिँ रोकिएन । एकदिन त्यस्तै झगडामा उनको श्रीमानले फलामको कसौडीले हिर्काएपछि उनीलाई अस्पतालको आकस्मिक विभागमा उपचार गरी एकद्वार संकट ब्यवस्थापन केन्द्रमा रिफर गरिएको रहेछ ।

**घटना ३७** श्रीमान बैदेशिक रोजगारमा गएका एक पच्चीस बर्षकी महिलालाई उनका सासु ससुराले मानसिक र शारीरिक पिडा दिने गरेका रहेछन् । दिउँसोको खाजा खाने समयमा खान नपाएको भनी काम गरिरहेको खेतमा गएर सासु ससुराले बेस्सरी पिटेपछि टाउकोमा गम्भीर चोट लागेछ र उनी त्यहीँ नै बेहोस भईछिन् । टाउकोबाट रगत बग्दाबग्दै खेतमा काम गरिरहेका मानिसहरुले उनलाई अस्पतालको आकस्मिक विभागमा पुऱ्याएछन् र त्यहाँबाट उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा रेफर गरिएको रहेछ ।

## एकद्वार संकट ब्यवस्थापन केन्द्रले पुऱ्याएका योगदानहरु :

प्राय:जसो लैङ्गिक हिंसाका घाईते पीडितहरुलाई आकस्मिक विभागमा पुऱ्याइने गरेको र त्यहीबाट एकद्वार संकट व्यवस्थापन केन्द्रमा रेफर गर्ने गरिएको छ । केहीलाई चाहिं प्रहरी वा सामाजिक संस्था/गैर सरकारी संस्थाबाट एकद्वार संकट व्यवस्थापन केन्द्रमा पठाउने गरेको पाइएको छ । सबै ४५ वटै घटनाका महिला, बालिका तथा किशोरीहरुले एकद्वार संकट ब्यवस्थापन केन्द्रबाट स्वास्थ्य उपचार सेवा पाएका छन् । उनन्चालिस घटनाका महिला, बालिका तथा किशोरीहरुलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रले मनोसामाजिक परामर्श सेवा प्रदान गरेको छ ।

साथै उक्त केन्द्रले १५ वटा घटनाका पीडित महिला, बालिका तथा किशोरीहरुका परिवारलाई पनि परामर्श सेवा उपलब्ध गराएको छ । एकद्वार संकट व्यवस्थापन केन्द्र जिल्ला कै एक मात्र मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने स्थान हो । मनोसामाजिक परामर्श सेवाले पीडित महिला, बालिका तथा किशोरीहरुलाई उनीहरुका जीवनमा अगाडि बढ्न प्रेरणा दिएको कुरा यस अध्ययनका घटनाहरुमा उधृत गरिएको छ ।

**घटना ३** श्रीमान्‌को मृत्यु भएपछि सासुले आफ्नो बच्चालाई खोसेर लगिन् । त्यसपछि गम्भीर मानसिक तनाबबाट गुज्रिरहेकी २४ बर्षीय महिलाले आत्महत्याको प्रयास गरिन् तर उनको आत्महत्याको प्रयासलाई सफल हुन नदिई उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा उपचार गर्न लगियो । उनले त्यहाँ स्वास्थ्य उपचारका साथै मनोसामाजिक परामर्शसेवा एवम् कानुनी परामर्शसेवा पनि पाइन् । अहिले उनको मानसिक स्वास्थ्यमा सुधार आएको छ । उनी आफ्नो बच्चालाई आफ्नै साथमा राख्न पाउनु पर्छ भनी उजुरी हाल्ने सोचमा रहेकी छिन् ।

त्रिचालिस वटा घटनामा एकद्वार संकट व्यवस्थापन केन्द्रले अन्य सेवा प्रदायकहरु (प्रहरी, महिला बालबालिका कार्यालय, गैरसरकारी सस्था, अदालत) सँग समन्वय गरी पीडितहरुलाई आवस्यक सेवा र सुविधा प्रदान गर्न तथा जस्तोसुकै जटिल परिस्थितिमा पनि उनीहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुको सहयोग उपलब्ध गराउन अहम् भूमिका खेलेका छन् । एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुले स्वास्थ्य उपचार, मेडिको लिगल सेवा र मनोसामाजिक परामर्शसेवा उपलबध गराउने काममा मात्र सीमित नरही अन्य सेवाहरु पनि प्रदान गर्दै आएका छन् । उदाहरणका लागि पीडितहरुका बच्चाहरुको अध्ययनको ब्यबस्था मिलाई दिने, उनीहरुको तत्कालिन खर्च एवम् जीविकोपार्जनका लागि सहयोग जुटाउने लगायतका कामहरु पनि गर्दै आएका छन् । एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुको भनाईअनुसार सबैभन्दा जटिल समस्या त अपाङ्गता भएका किशोरी तथा महिलाहरुलाई सुरक्षित आश्रय र पुनर्स्थापना गर्ने संस्थाहरुको खोजी गर्नु र जटिल किसिमका घटनाहरुको ब्यबस्थापनका लागि मामिला ब्यबस्थापन समितिसँग एवम् लैङ्गिक हिंसा ब्यबस्थापन समन्वय समितिसँग समन्वय गरी पीडितहरुको आवश्यकताको पहिचान गरी सो को ब्यबस्थापनका लागि निर्णयहरु गराउनु रहेको थियो ।

**घटना २७** सडकमा गुजारा गरिरहेकी मानसिक अशक्तता भएकी २०/२२ बर्षकी महिलाले त्यस्तै मानसिक अशक्तता भएको पुरुषसँग शारीरिक सम्बन्ध राखी गर्भवती भएपछि उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा ल्याईयो र त्यहीँ उनले बच्चा जन्माईन् । घर नभएको कारण उनी एक हप्तासम्म एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै बस्न बाध्य भईन् । एकद्वार संकट व्यवस्थापन केन्द्रले आमा र बच्चा दुबैलाई आश्रय दिन एवम् मानसिक स्वास्थ्य उपचार गर्ने संस्थाको खोजी गर्ने काममा केही समय बितायो । फलस्वरुप, एकद्वार संकट व्यवस्थापन केन्द्रको कोषको प्रयोग गरी एक गैरसरकारी संस्थामा महिला र बच्चालाई पठाइयो जहाँ उनीहरु ६ महिनासम्म बसे । त्यसै समयमा बच्चाको बाबुको पनि मानसिक स्वास्थ्य उपचार गरियो । नगरपालिका र स्थानीय संस्थाहरुले त्यस परिवारको निम्ति एउटा घर निर्माण गर्न मद्दत गरे भने घरभित्रका सामानहरु उपलब्ध गराउने काम एकद्वार संकट व्यवस्थापन केन्द्र र स्थानीय संस्थाले गरे । एकद्वार संकट व्यवस्थापन केन्द्रले नै उनीहरुलाई कुखुरापालनका लागि पनि सानो रकमको सहयोग उपलब्ध गरायो । अहिले त्यो परिवार त्यही घरमा नै कुखुरापालनको सानो ब्यवसाय चलाएर बसेको छ ।

**घटना ३०** एक अर्को घटनामा एकद्वार संकट ब्यबस्थापन केन्द्रले बारम्बार मनोसामाजिक परामर्शसेवा उपलब्ध गराएपछि श्रीमानले श्रीमतीको नागरिकता बनाइदिए र बिबाह दर्ता पनि गरिदिए ।एकद्वार संकट व्यवस्थापन केन्द्रले नै पीडित महिलालाई विद्यालयमा लिएर गएर बच्चाहरुलाई भर्ना गराउनका साथै प्रधानध्यापकसँग कुरा गरी बच्चाहरुलाई छात्रवृत्ति उपलब्ध गराउन मद्दत गरे ।

## एकद्वार संकट ब्यवस्थापन केन्द्र पछि पीडितहरुको अवस्था

घटना भएर एकद्वार संकट ब्यवस्थापन केन्द्रमा लिएर आएपछि पीडितहरुले अपनाउने बाटाहरु फरक फरक रहेका छन् ।

एघार वटा घटनाहरुको प्रहरीमा उजुरी परेको छ । जसमध्ये सात वटा घटनाका अपराधीहरु जेलमा छन् । धेरै जसो घटनाहरुको प्रहरीमा कुनै उजुरी नै परेको छैन । किशोरीको बलात्कार जस्तो घटनामा पनि परिवारले समाजबाट हुन सक्ने घृणा एवम् तिरस्कार र अदालती झनझटका कारण जनाँउदै उजुरी नगरेको पाईएको छ ।

**घटना ४४** मानसिक अशक्तता भएकी १७ बर्षकी किशोरीलाई गाउँकै एक केटाले बलात्कार गरिरहेको थाहा पाउँदा पनि सामाजिक प्रतिष्ठामा आँच आउने एवम् सामाजिक तिरस्कारको डरले आमाले केही हस्तक्षेप गर्न चाहिनन् । उजुरी गर्दा आउन सक्ने धम्की तथा तिरस्कार कै कारण गाउँमा बस्न नसकिने डरले प्रहरीमा यस अपराध बिरुद्ध उजुरी नगर्ने निर्णय गरिन् ।

सेवा प्रदायकहरुका लागि पीडितको सुरक्षा नै मुख्य सरोकारको विषय रहेको छ । धेरै जसो घटनामा पीडितहरुलाई महिला मन्त्रालयको सहयोगमा सञ्चालन भएको सुरक्षित आवास गृहमा पठाइएको छ जहाँ उनीहरु ४५ दिनसम्म बस्न सक्छन् । केही पीडितलाई भने गैरसरकारी संस्थाले चलाएको सुरक्षित आवास गृहमा पठाइएको छ जहाँ उनीहरु अलि बढी समय पनि बस्न सक्छन् । सुरक्षित आवास गृह भनेको एउटा अस्थायी एवम् तत्कालिन उपचार मात्र हो र आवास गृह पछि धेरै जसो पीडितहरु घर फर्कने गरेका छन् । घरेलु हिंसा उत्पन्न गराउने कारणहरुमा खास कमि आएको पाइदैन । केही घटनाहरुमा भने घर फर्केपछि हिंसा दोहोरिने गरेको तर हिंसायुक्त घर छाडेर जाने विकल्प भने सीमित रहेको पाइएको छ ।

**घटना २९** अहिले ४ बच्चाकी आमा भैसकेकी एक ३० बर्षीया महिलाको १३ बर्षको उमेरमा नै बिबाह भएको रहेछ । श्रीमान् रक्सीले मातेर आएको बेला प्रायःजसो उनलाई कुटपिट गर्ने गर्दथ्यो । एक त्यस्तै घटनामा गम्भीर घाईते भएपछि उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा ल्याइएको थियो । उपचार पछि उनी आफ्नो दिदी कहाँ बस्न गईन् । तर केही दिनमै उनका श्रीमान्ले उनलाई घर फर्किन आग्रह गर्न आए र कहिल्यै पनि कुटपिट नगर्ने कसम पनि खाए । तर घर फर्केको केही दिनमै त्यही पहिलेकै दिनचर्या सुरु भयो । अन्यत्र कँही जाने ठाँउ नभएर नै फेरि श्रीमानसँग बस्न बाध्य भएको उनी बताँउछिन् । धेरै पटकको परामर्श, सल्लाह र सहायताको प्रस्ताव पछि पनि आफ्ना श्रीमान् बिरुद्ध उजुरी हाल्न उनले मानिनन् ।

मुख्यत केही गैरसरकारी संस्थाले सीप विकास तालिम दिएर उनीहरुलाई सानोतिनो व्यवसायमा संलग्न गराएर आर्थिक रुपमा आत्मनिर्भर बनाएपछि महिला तथा किशोरीहरु माथि हुने हिंसामा केही कमि आएको देखिएको छ । एक हिंसा पीडित महिलाको अस्पतालमा उपचार पछि अस्पताल

प्रमुखले उनलाई सोही अस्पतालमा नै सरसफाई गर्ने काममा जागिर दिएको कुरालाई यसको एउटा उदाहरणका रुपमा लिन सकिन्छ ।

## निष्कर्ष :

पुरुषले गर्ने हिंसा र सासुससुराको असीमित अधिकार र बुहारीमाथि उनीहरुको नियन्त्रणलाई स्वीकार गर्ने समाजको मूल्यमान्यतामा जकडिएको लैङ्गिक विभेदको फन्दामा धेरै नेपाली महिला तथा किशोरीहरुको एक दर्दनाक स्थितिलाई यस अध्ययनले चित्रण गरेको छ । लैङ्गिक हिंसामा परेका व्यक्तिहरुलाई आवस्यक स्वास्थ्य सेवा तथा मनोसामाजिक परामर्श सेवा दिन र उनीहरुको अन्य समस्याको समाधानको लागि समन्वय गर्न एकद्वार संकट व्यवस्थापन केन्द्र एक महत्वपूर्ण संरचनाका रुपमा रहेको छ । समुदायमा एकद्वार संकट व्यवस्थापन केन्द्रका बारेमा कम मात्र जानकारी छ । पीडितहरु एकदम कम संख्यामा मात्र सिधै एकद्वार संकट व्यवस्थापन केन्द्रमा आवस्यक सेवाका लागि आइपुग्छन् र केन्द्रका कर्मचारीहरु अस्पतालमा नै सीमित छन् । केन्द्रका कर्मचारीहरुको योगदानले लैङ्गिक हिंसाबाट पीडितहरुको जीवनमा ल्याएका सकारात्मक परिवर्तनको पहिचान गर्दै यस अध्ययनले उजागर गरेका घटनाहरुको ब्यापकता र चुनौतीलाई यो अध्ययनले प्रतिबिम्बित गरेको छ ।

लैङ्गिक हिंसाको समाधान गर्न हरेक तहमा सरकारको दीगो प्रतिबद्धताको साथै बहुपक्षीय प्रयासको आवस्यकता छ । स्वास्थ्य क्षेत्रको मुख्य दायित्व भनेको लैङ्गिक हिंसा पीडितलाई आवस्यक स्वास्थ्य लगायत अन्य सेवाहरु उपलब्ध गराउनु हो । जसको निमित्त स्वास्थ्य सेवाहरुको सुदृढीकरण र स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ ।

## स्वास्थ्य सेवाका प्राथमिकताहरु :

१. अस्पतालमा आधारित एकद्वार संकट ब्यवस्थापन केन्द्रलाई देशभर बिस्तार गरी लैङ्गिक हिंसा बिरुद्ध लड्न बहुपक्षीय प्रयासको मुख्य केन्द्र बनाउने;
२. प्राथमिक तहमा रहेका स्वास्थ्य केन्द्रको क्षमता अभिबृद्धि गरी लैङ्गिक हिंसा पीडितका लागि आवस्यक स्वास्थ्य सेवा उपलब्ध गराउने;
३. थप स्वास्थ्य लगायत अन्य सेवाका लागि आवस्यकताअनुसार एकद्वार संकट ब्यवस्थापन केन्द्रमा प्रेषण गर्ने ब्यबस्था मिलाउने;
४. स्थानीय सरकारसँग सहकार्य गरी जनस्वास्थ्य अभियानअन्तर्गत हरेक स्थानीय तह (नगरपालिका/गाउँपालिका) का रानीतिक नेता, समुदाय, नागरिक समाज, महिला समूहहरुमार्फत स्वास्थ्य सेवाकर्मी तथा सामाजिक कार्यकर्ताहरुलाई परिचालन गरेर लैङ्गिक हिंसा अन्त्य गर्ने;
५. लैङ्गिक हिंसाका पीडितहरुलाई तत्कालिन सहयोग र स्वास्थ्य सेवा सुबिधा पुऱ्याउन र उनीहरुलाई आर्थिक रुपमा सक्षम बनाई उनीहरुलाई र उनीहरुका बालबालिकाहरुलाई सबै किसिमका हिंसारहित वातावरणमा जीवनयापन गर्न सहयोग गर्न लैङ्गिक हिंसा पुनर्स्थापना कोषको स्थापना गर्ने ।

## लैङ्गिक हिंसा पीडितहरुका भोगाईमा आधारित मामिला अध्ययनहरु

### घटना १

मिति २०७५।०१।० मा १६ बर्षीया किशोरी प्रदेश ३ को एकद्वार संकट व्यवस्थापन केन्द्रमा एक्लै आइन् । उनी परिवारकी जेठी छोरी हुन् । उनका एक एक जना भाइ र बहिनी छन् । उनका आमाबुबा दुबै खेतीपाती तथा गाईबस्तु पालन गर्थे । फेसबुकमार्फत उनी एक गाउँकै केटोसँग प्रेम सम्बन्धमा बाधिइन् । पटक पटकको कुराकानी पछि एकदिन उनीहरुको भेट भयो र शारीरिक सम्बन्ध पनि बस्न गयो । त्यसपछि पनि उनीहरु पटक पटक भेट गर्ने गर्थे । केटाले उनलाई बिबाह गर्ने बाचा पनि गर्‍यो तर जब उनी गर्भवती भएको थाहा पायो, ऊ भागेर काठमाडौं गयो । उनीलाई यो सबै कुरा आफ्ना आमाबुबालाई भन्ने आँट आएन । परिवारले नै नाता तोडिदिने होकी भन्ने सोचेर उनलाई धेरै पश्चाताप र हिनताबोध भयो र उनले गाउँ छोड्ने निर्णय लिईन् । काठमाडौं जाने क्रममा उनको एक अ.न.मी. दिदीसँग भेट भयो । उनले ति दिदीसँग सबै कुरा पोखिन् । अ.न.मी. दिदीले अस्पताल स्थित एकद्वार संकट व्यवस्थापन केन्द्र जान सुझाब दिइन् ।

एकद्वार संकट व्यवस्थापन केन्द्रबारे सुनेपछि उनले त्यहाँ जाने निर्णय गरिन् । त्यहाँ पुगेपछि सम्बन्धित व्यक्तिसँग आफ्नो सबै कुरा बिसाईन् । सबै कुरा थाहा पाएपछि एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्सले उनको राम्रो ख्याल गरे । उनलाई सुरक्षित आवास गृहमा बस्ने व्यवस्था मिलाइदिए । स्त्रीरोग विशेषज्ञले उनको नियमित शारीरिक जाँचका साथै पिसाब, रगत, Ultrasound, x-ray र अन्य चाहिने जाँचहरु सबै गरिदिए । बीस हप्ताको गर्भ भइसकेको रहेछ र रक्तअल्पताले गर्दा उनी कमजोर भएकी थिइन् । सबै जाँचपछि एकद्वार संकट व्यवस्थापन केन्द्रले उनलाई औषधी, खाना, केही लुगा र जुत्ता पनि दियो र त्यहाँस्थित परामर्शदाताले बारम्बार उनलाई मनोसामाजिक परामर्श पनि दिए । पटक पटकको मनोसामाजिक परामर्शपछि उनलाई आफ्नो गर्भमा रहेको बच्चालाई जन्म दिने र आफूलाई गर्भवती बनाउने केटो बिरुद्ध उजुरी हाल्न पनि आँट आयो । गर्भवती अवधिभर ऊनी नियमित रुपमा एकद्वार संकट व्यवस्थापन केन्द्रमा आई आफ्नो स्वास्थ्य परीक्षण गराइन् । त्यहाँ कार्यरत कर्मचारीहरुले उनलाई स्वास्थ्यसम्बन्धी ज्ञान, सरसफाई, गर्भवती हुँदा गर्नुपर्ने स्याहार, पौष्टिक आहार सम्बन्धी जानकारी र गर्भवती अवस्थामा गरिने जाँचहरुको बारेमा जानकारी गराएका थिए । एकद्वार संकट व्यवस्थापन केन्द्रले आफ्नो प्रेषण अस्पतालमा उनको प्रसुतिको लागि सुझाब दियो । कलिलो उमेर र रक्तअल्पता भएको कारण उनलाई यो सेवा एकदम आवस्यक थियो ।

एकद्वार संकट व्यवस्थापन केन्द्र कै संयोजकत्वमा त्यस अस्पतालमा उनले २.५ किलो तौलको छोरालाई सल्यक्रियाबाट जन्माइन् । बच्चा जन्मिसकेपछि उनी फेरि सुरक्षित आवास गृहमा फर्किइन् । यसै समयमा एकद्वार संकट व्यवस्थापन केन्द्रका संयोजकले पुलिसको मद्दतबाट त्यो

केटाको पनि पत्ता लगाउनुभयो । फेला पारेपछि केटोले पनि आफ्नो गल्ती स्वीकार्‍यो र निज युवतीलाई श्रीमती बनाएर दुबैजना अहिले गाउँ फर्केर सुखी जीवन बिताउँदैछन् ।

**घटना २**

मिति २०७५।०६।१६ मा पाँच बर्षकी बालिकालाई उनकी ठूली आमाले अस्पताल लिएर आइन् । ति बालिकाले तल्लो पेट दुखेको बताएकी थिइन् । आपतकालिन वार्डका डाक्टरहरुले उनलाई जाँचे पछि उनीमाथि यौन दुर्व्यवहार भएको आशङ्का गरी उनीलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा पठाईदिए । त्यहाँ आएपछी उपस्थित डाक्टरले उनको सम्पूर्ण स्वास्थ्य परीक्षण गरे ।  घटनाको अबस्था  हेरेर परीक्षणको बेला उक्त घटनाको गोप्यता कायम राखिएको थियो । परीक्षणको क्रममा उनको योनी च्यातिएको, सुन्निएर रातो भएको र रगत बगिरहेको पाइयो । एकद्वार संकट व्यवस्थापन केन्द्रले उनलाई चाहिने सबै औषधी र उपचार निःशुल्क गरिदिए । परीक्षण पश्चात उनकी ठूली आमाको अनुमति लिई प्रहरीलाई बोलाएर घटनाबारे उजुरी गरियो । नर्सले उनकी ठूली आमाबाट पुरै घटनाको थप बिबरण पनि लिइन् ।

ठूली आमाको भनाईमा उनकी आमा बोल्न नसक्ने लाटी रहिछिन् र उनलाई पाठेघर खस्ने रोग जटिल भएर दोस्रो चरणमा पुगिसकेको रहेछ । बुबा चाहिं रक्सी खाएर मातेर उनकी जेठी दिदीलाई पनि बलात्कार गर्ने गर्दोरहेछ । त्यसबारे थाहा भएपछि गाउँहरुले मिलेर उसलाई गाउँ निकाला गरिदिएका रहेछन् । अर्कै जिल्लामा बस्न थाले पनि लागेको बानी नछुटेर अहिले सानी छोरीलाई पनि पटक पटक बलात्कार गर्न थालेको ३-४ महिना भएको रहेछ । बच्चीलाई कसैलाई भनेमा मार्ने धम्की दिँदोरहेछ । आमालाई यो सबैकुरा थाहा भएर पनि बोल्न नसक्ने गुंगी भएको कारण केही भन्न नसकेपछि बच्चीले नै आफ्नो ठूली आमालाई बताइछिन् र ठूली आमाले अस्पताल लिएर आएकी रहिछन् ।

एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्सहरु, ठूलीआमाको रोहबर, पुलिस र सरकारी वकीलको समन्वयमा मुद्दा दाखिला गरेपछि अपराधीलाई पक्रियो र अपराधीले केही दिनमा आफ्नो गल्ती स्वीकारेपछि अदालतले २० बर्षको जेल सजाय तोकिदियो । ऊ अहिले जेलमा सजाय भोग्दैछ ।

**घटना ३**

मिति २०७४/०३/०५ मा एउटा अद्भूत घटना एकद्वार संकट व्यवस्थापन केन्द्रमा आयो । एकजना चौबिस बर्षीया महिला एकद्वार संकट व्यवस्थापन केन्द्रमा आइन् । उनका श्रीमान्को दुर्घटनामा मृत्यु भएको रहेछ र त्यस बखत उनीहरुको छोरो जम्मा २ बर्षको रहेछ । श्रीमान् बितेपछि उनी एक्लै छोरासँगै बस्दै आएकी रहिछिन् । उनको भनाइअनुसार श्रीमान बितेको केही महिनापछि उनकी सासु आएर आफ्नो नातीलाई लिएर गइन् र फिर्ता पठाइनन् । श्रीमानको मृत्यु, छोरासँगको बिछोड जस्ता असह्य तनावका कारणले उनले आत्महत्याको प्रयास गरिछन् । तर भाग्यवश उनी बाँच्न सफल भइछन् । त्यसपछि उनकी जेठी दिदीले परामर्शका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा पुर्‍याइदिइछन् । त्यहाँ आउँदा उनी धेरै नै निराश थिइन् । उनको सही परिस्थिति बुझ्न एकद्वार

संकट व्यवस्थापन केन्द्रमा उपस्थित डाक्टर र नर्सहरुले उनको सम्पपूर्ण स्वास्थ्य परीक्षण गरे । उनलाई धेरै कुराहरुले प्रभाव पारिरहेको रहेछ । एक बर्ष यता उनको मनस्थिति एकदम कमजोर भएको, मनोबलमा कमी आएको, सुत्न नसक्ने, बढी नै चिन्ता लाग्ने र रिस उठ्ने जस्ता समस्याहरुले सताइरहेको रहेछ । सुरुमा उनलाई योगा, ध्यान जस्ता चिन्ता व्यवस्थापन गर्ने उपायहरु सिकाइयो र आत्महत्याको भावना रोक्न मनोसामाजिक परामर्श पनि दिइयो तर धेरै पटकको प्रयास पछि पनि "बिरामी उपचार प्रश्नावली" को प्रयोगबाट उनको स्वास्थ्यमा सुधार आएको नदेखिएपछि औषधी शुरु गराइयो । । Fluoxetime भन्ने औषधीको प्रयोग पछि उनको स्वास्थ्यमा सुधार देखिन थाल्यो ।

अहिले उनको स्वास्थ्य निकै नै सुधारोन्मुख छ । दिनचर्यामा आफूलाई ब्यस्त राख्ने गरेकीले उनको मनमा आत्महत्या गर्ने सोच आउन छाडिसक्यो । बेलाबखतमा आफ्नो श्रीमानको धेरै याद आए पनि उनी परिस्थितिलाई सम्हाल्न सक्ने भएकी छिन् । मनोविज्ञानमा सुधार आएर नै उनलाई अहिले नयाँ जिन्दगी सुरु गर्ने रहर पलाएको छ । एकद्वार संकट व्यवस्थापन केन्द्रको मद्दतबाट आफ्नो कानुनी अधिकारहरुको ज्ञान पाएर आफ्नो छोरालाई सासु ससुराबाट फर्काउन उजुरी हाल्ने सोचमा उनी पुगेकी छिन् ।

**घटना ४**

लाटी र कान नसुन्ने मानसिक अशक्तता भएकी २१ बर्षकी महिलाको पेट बढेको देखेपछि उनका बुबा आमाले एकद्वार संकट व्यवस्थापन केन्द्रहरुमा लिएर आए । त्यहाँ उपस्थित डाक्टरले केही जाँच र परीक्षण गरेपछि उनी ८ महिनाको गर्भवती भएको थाहा भयो । परिवारलाई कसको कारणले यस्तो भएको हो भन्ने कुरा थाहा थिएन ।  निज महिला बोल्न नसक्ने कारणले उनी यसबारे केही भन्न सक्ने अबस्थामा थिइनन् ।

उनको बाबुको भनाईअनुसार गाउँलेबाट धेरै नै भेदभाव र लान्छना सुन्न परेकोले उनीहरु जिल्ला सरेर अर्कै जिल्लामा बसोबास गर्दै आएका थिए । बुबा आमा दुबैले छोरीको गर्भपतन गराउने इच्छा गरेका थिए । गर्भ बढेर तेस्रो त्रैमासिकमा पुगिसकेको जटिल परिस्थितिको कारणले मामिला व्यवस्थापन समितिको (Case Management Committee) सल्लाहमा जिल्लाको लैङ्गिक हिंसा समन्वय समितिमा घटनाबारे सल्लाहको निम्ति पुऱ्याइयो तर गर्भपतन गर्ने स्थिति कहींबाट पनि देखिएन । यो घटना एकद्वार संकट व्यवस्थापन केन्द्रहरुको लागि पनि एउटा चुनौती नै बन्यो ।

एकद्वार संकट व्यवस्थापन केन्द्रको नर्सको भनाइअनुसार "यस घटनालाई व्यवस्थापन गर्न निकै चुनौती थियो । एक त पीडित महिला बोल्न र सुन्न सक्दैन थिइन् भने मानसिक अशक्तता भएकोले उनको स्याहार गर्न पनि निकै अप्ठ्यारो थियो । साथै पीडितले सजिलै औषधोपचार र स्वास्थ्य परीक्षण इत्यादि गर्न पनि दिँदैन थिईन् । सुई र औषधी दिन पनि निकै गाह्रो थियो तर धेरै प्रयासपछि मात्र उनले बुझिन् कि हामी उनीलाई मद्दत गर्न खोज्दै थियौं । बल्ल सबै स्वास्थ्य परीक्षणहरु गर्न अलि सजिलो भयो । एकद्वार संकट व्यवस्थापन केन्द्रहरुका संयोजकत्वमा उनलाई

सुरक्षित आवास गृहमा नौ महिनासम्म राखियो । उनको यो घटना चुनौतीपूर्ण भएकै कारणले एकद्वार संकट व्यवस्थापन केन्द्रहरुको प्रेषण अस्पतालमा नै सुत्केरी गराउन पठाइयो । बच्चा त जन्मियो तर उनका बुबा आमाको भनाई अनुसार जन्मेको केही घण्टामा नै बच्चा बित्यो तर कसरी बितेको भने थाहा पाउन सकिएन । गाउँलेको तिरस्कार र हेपाइको डरले बुबा आमा आफ्नो छोरीलाई सुरक्षित आवास गृहबाट लग्न चाहदैन थिए । तर धेरै पटकको परामर्श पछि बल्ल छोरीलाई आफूसँग लग्न तयार भए ।

**घटना ५**

यो घटनाको पीडित जम्मा ६ बर्षकी बालिका हुन् । उनी सानै हुँदा बुबा बितेको र आमा अर्कैसँग बिबाह गरी गएकोले उनलाई हजुआमाले हुर्काएकी रहिछिन् । उनलाई उनकी दिदी नाता पर्ने एक जना महिला र एकजना प्रहरीले एकद्वार संकट व्यवस्थापन केन्द्रमा लिएर आएका थिए । उनकी दिदीको भनाई अनुसार अपराधी २२ बर्षको गाउँकै केटो रहेछ । पीडित बालिकाले आफ्नो दिदी पर्नेलाई भनेकी रहिछन् “मलाई अपराधीले फ्रुटी दिएर एउटा कोठामा लग्यो । मलाई मेरो गालामा, घाँटीमा टोक्यो र जबरजस्ती गर्‍यो ।” उनले आफ्नो भित्री लुगामा लागेको रगत पनि देखाईन् । यो सबै सुनेपछि दिदीले प्रहरीमा उजुरी गरी त्यहाँ लिएर आएकी थिइन् ।

त्यहाँ पुगेपछि उपस्थित डाक्टरहरुले उनीलाई पहिले सहज वातावरण बनाई उनको राम्ररी सबै परीक्षणहरु गरे । उनको योनी च्यातिएर रगत बगिरहेको थियो । जीउभरी निलडाम र तिघ्रामा गहिरो घाउ पनि भेटियो । डाक्टरले गर्नुपर्ने उपचारहरु गरेर चाहिने औषधी पनि दिए र सबै सेवाहरु निशुल्क नै गरिदिए । एकदिन अस्पतालमा उनलाई राखेर भोलिपल्ट डिस्चार्ज गरियो । प्रहरीले अपराधीलाई पक्रेर ल्यायो र अहिले ऊ जेलमा छ । मुद्दा चल्दै छ र यस्तो प्रकृतिको अपराधअनुसार सायद उसलाई २० बर्षको जेल सजाय हुन्छ होला । पीडित बालिका चाहिं अहिले विद्यालयमा पढ्दैछिन् ।

**घटना ६**

चौध बर्षको किशोर आफ्नो जिल्लाबाट अलग जिल्लामा रहेको एउटा मोटर ग्यारेजमा सहयोगी भएर कमाई गर्न आएको थियो । घरमा उसको बुबा, आमा र एउटी नौ बर्षकी बहिनी र अर्को सात बर्षको भाइ रहेछन् । मिति २०७५/०९/१२ का दिन उसलाई र उसको साथीलाई ग्यारेजमा नै काम गर्ने एकजना अङ्कलले रातमा एक्लै पर्ने भएँ भनेर सँगै बस्न बोलाए । राति अङ्कलले उसलाई आफूसँगै सुत्न र साथीलाई सँगैको अर्को पलङमा सुत्न भने । रातको १ बजेतिर उसलाई केही अप्ठ्यारो महशुस भएर उठ्दा त त्यो अङ्कल आफ्नो योनाङ्ग उसको गुप्ताङ्गमा हाल्न खोजिरहेको रहेछ । आत्तिएर साथीलाई खोज्दा त साथीले सो घटनाको भिडियो खिचिरहेको देखेर ऊ झन् छक्क पर्‍यो । नराम्रो धोका पाएको लागेता पनि उसले त्यतिबेला केही बोलेन तर भोलिपल्ट आफूलाई बलात्कार भएको महशुस गर्‍यो । आफ्नो ग्यारेजको मालिकलाई सबै कुरा भनेर उसले प्रहरीमा पनि उजुरी हाल्यो । प्रहरीलाई उक्त भिडियो पनि देखाइदियो । तर अपराधीले यो कुरा मान्न चाहेन र रक्सी खाएकोले नशाको बेलामा मैले के गरें मलाई थाहै भएन भनेर लागेको दोषबाट

जोगिन खोज्यो । प्रहरीले निज पीडित किशोर र अपराधी दुबैलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगे र सम्पूर्ण स्वास्थ्य परीक्षण गरायो । त्यहाँ निजको स्वास्थ्य परीक्षण गरिदिनुका साथै औषधी पनि सबै निशुल्क नै दिए । औषधी उपचार पछि निज पीडित किशोर र अपराधी दुबैलाई प्रहरीले लगेर उजुरी दर्ता गराए ।

**घटना ७**

तीस बर्षसम्म बैबाहिक सम्बन्धमा रहेकी एक ५० बर्षकी महिला श्रीमान् र छोराहरुसँग बस्दै आएकी थिइन् । उनका श्रीमानको शरीरका प्रमुख अङ्गहरु एकै चोटी सबै बन्द हुन गएका कारण उनको मृत्य भएको थियो । उनीहरु आफ्नो जिल्लाबाट अर्कै जिल्लामा काम खोज्न बसाई सरेका रहेछन् । त्यहाँ उनीहरु एउटा सानो चिया पसल चलाएर गुजारा गर्दथे । उनका श्रीमान् असाध्यै रक्सी पिउथे र मातेको सुरमा आफ्नी स्वास्नी माथि कुटपिट गर्ने गर्थे । श्रीमान्को हातबाट उनले कुटाई मात्र नभई यौन दुर्व्यवहार पनि सहनु पर्थ्यो । हरेक रात रक्सी खाएर यौन दुर्व्यवहार गर्ने गरेको हुँदा उनको तल्लोपेट र पाठेघरमा समस्या देखिन थाल्यो । उपचार गराउँदा पनि खासै ठिक हुन सकेको थिएन । यो घटना ३ बर्ष अघिको भएता पनि नर्स भन्छिन् “मेरो दिमागमा यो घटना अझै ताजा छ र जब उनको बारेमा सोच्छु मेरो जीउ नै सिरिङ्ग भएर आउँछ ।” निज पीडित महिला रातो पिसाब आउने र तल्लो पेटको दुखाईको कारणले अस्पतालको आकस्मिक विभागमा आएकी थिइन् । यौन हिंसाको घटना भनेर थाहा पाएपछि अस्पतालले एकद्वार संकट व्यवस्थापन केन्द्रमा जानकारी गराए । एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्सले निज पीडित महिलाको घटनाको बिबरण लिइन् । दश दिन अघि रक्सीले मातेको सुरमा उनको श्रीमानले उनलाई तल्लो पेटमा बेस्सरी लात्तिले हानेको रहेछ । समाज र छरछिमेको डर र लाजले जतिसुकै कुटपिटमा परे पनि मद्दत लिने वा प्रहरीकोमा उजुरी हाल्ने जस्तो सोच उनको मनमा कहिल्यै आएन । एकद्वार संकट व्यवस्थापन केन्द्रमा उनको सबै औषधोपचार निशुल्क नै गरिदिए । चौवन्न दिनसम्म उनलाई ICU मा राखियो । तर सेप्सीस भएपछि बिस्तारै उनको एकपछि अर्को अङ्ग बन्द भएर उनको मृत्यु भयो । उनको श्रीमान बिरुद्ध एकद्वार संकट व्यवस्थापन केन्द्रले उजुरी हालेको छ र अहिले मुद्दा चलिरहेको छ ।

**घटना ८**

पीडित १६ बर्षकी किशोरी हुन् । विष सेवन गरेको कारण उनकी आमाले उनलाई अस्पतालको आकस्मिक सेवामा लिएर आएकी थिइन् । उनी आमा, बुबा, हजुरबुबा र भाइका साथमा संयुक्त परिवारमा बस्दै आएकी थिइन् । विष निमनको लागि उनलाई ICU मा भर्ना गरियो । त्यसपछि एकद्वार संकट व्यवस्थापन केन्द्रमा सारियो र गर्नुपर्ने औषधी उपचार निःशुल्क गरियो । उनलाई चाहिने आवस्यक मनोसामाजिक परामर्श पनि एकद्वार संकट व्यवस्थापन केन्द्रबाट दिइयो । त्यस्तै एक परामर्शका क्रममा उनले विष सेवनको कारण बताइन् ।

उनको भनाईअनुसार उनी आफ्नै घरमा यौनदुर्व्यवहारको शिकार बन्दै आएकी रहिछिन् । आफ्नै बुबा र हजुरबुबाले सानै उमेरबाट उनीमाथि यौनदुर्व्यवहार गर्दै आएका रहेछन् । उनीहरुले यसबारेमा

कसैलाई नभन्न धम्की दिने गरेका रहेछन् । आमालाई पनि यसको बारेमा थाहा भए पनि उनले केही नबोल्नु भनेर सो कुरा चुपचाप राखेकी रहिछिन् । घरको वातावरणबाट थकित भएर उनले आत्माहत्याको प्रयास गरेकी थिइन् । औषधी उपचार र मनोसामाजिक परामर्शपछि एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्सले एउटा गैरसरकारी संस्थासँग समन्वय गरेर उनलाई त्यहीँ पठाइयो । अहिले उनी १२ कक्षा सिध्याएर डाक्टर बन्न एमबिबिएस गर्ने सोचमा छिन् । साथै एउटा गैरसरकारी संस्थाको मद्दतबाट उनका बुबा र हजुरबा बिरुद्ध उजुरी हालिएको छ ।

**घटना ९**

नौ बर्षकी पीडित बालिकालाई आफ्नो अभिभावक र पुलिसले अस्पतालको आकस्मिक सेवामा लिएर आए । बुबा बिदेश गएको र आमाले अर्कै बिबाह गरेपछि गएको एक बर्षदेखि उनी आफ्नो काकाको परिवारसँग बस्दै आएकी रहिछन् । उजुरी परेपछि गरिने नियमित परीक्षणको निमित्त प्रहरीले उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा ल्याएको थियो । पहिले अलिकति आत्तिएकी र डराएकी जस्तो देखिए पनि एकछिनको मनोसामाजिक परामर्श पछि उनले त्यहाँ उपस्थित मेडिकल टोलीलाई परीक्षण कार्य गर्न सहज बनाइदिईन् । मेडिकल परीक्षणको दौरानमा उनको जीउभर कुनै नयाँ, कुनै निको भइसकेको गरी धेरै घाउचोट पटकहरु देखियो । साथै उनको गुप्ताङ्गमा पनि चोट लागेको र जबरजस्ती गरिएको सङ्केतहरु भेटियो । उनलाई अरु थप जाँचका लागि सर्जीकल, हाडजोर्नी, बाल र प्रसुती विभागहरुमा परामर्शका लागि जान सुझाब पनि दिइयो । यी सबै विभागहरुमा कार्यरत विज्ञहरु एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै आएर उनको जाँच गरिदिए । आवस्यक परीक्षणहरु सबै गरियो । पुरै जीउ दुखेको भएर दुखाई कम गर्ने औषधी पनि दिइयो । उनलाई प्रसुती विभागमा एक रात निगरानीमा राखियो । पिसाब फेर्न गाह्रो भएको गुनासो पनि उनले गरिरहेकी थिइन् । त्यहाँ लागेको सबै औषधी र उपचार खर्च निशुल्क नै गरियो ।

उनको भनाईअनुसार उनको ठूलो बुबाको १८ बर्षको छोराले गएको ३, ४ महिनायता उनलाई बुट र पेटीले हान्ने र दिनरात आफ्नो बुबाआमा बाहिर गएको मौका पारी यौन दुर्व्यवहार गर्ने गर्दोरहेछ । त्यो दिन पनि उसको बुबाआमा पसल गएको बेला यौन दुर्व्यवहार गर्न खोज्दा उनले नकार्न खोजिन् र यहीँ कारण उनलाई बुट र पेटीले कुटपिट गरी बलात्कार गरेको रहेछ । आफ्नो अभिभावक फर्केर आएपछि उनले उनीहरुलाई सबै कुरा बताइदिइन् । त्यसपछि उनीहरुले नै उनलाई प्रहरीकोमा लगेछन् र प्रहरीले यो कुराको जाँचबुझ गर्न अस्पताल लिएर आएको रहेछ ।

औषधी उपचार गरेर अस्पतालबाट २ दिनपछि घर जानु पर्दा उनलाई त्यहाँ फर्किन मन लागेन । एकद्वार संकट व्यवस्थापन केन्द्रको संयोजकले सुरक्षित आवास गृहमार्फत गैर सरकारी संस्थासँगको समन्वयनमा उनलाई अर्को जिल्लास्थित पुर्नस्थापना केन्द्रमा पठाए । अहिले उनी त्यहीँ नै छिन् र विद्यालय जान थालेकी छन् । अपराधी बिरुद्ध परेको उजुरी अहिले अदालतमा पुगेको छ ।

**घटना १०**

पीडित कक्षा सातमा पढ्ने १३ बर्षीया किशोरी हुन् । उनी आफ्ना आमा, बुबा, दाजु र सानो बहिनीसँग बस्दै आएकी थिइन् । मिति २०७४/१२/०५ मा उनी आमासँग एकद्वार संकट व्यवस्थापन केन्द्रमा आइपुगिन् । उनकी आमाको भनाइअनुसार एकदिन छोरीको शिक्षकले उनलाई विद्यालयमा बोलाएर उनकी छोरीको पेट अलि धेरै नै ठूलो देखिन थालेको भनेपछि एउटा निजी क्लिनिकमा गएर जचाउँदा २४ हप्ताको गर्भ भइसकेको थाहा भएपछि अस्पतालमा लिएर आइन् । अस्पतालको गर्भपतन विभागमा आएपछि एकद्वार संकट व्यवस्थापन केन्द्रले यस घटनालाई हेर्न थाल्यो । त्यहाँ उपस्थित डाक्टरहरुले गर्भपतन गर्न चाहिने परीक्षणहरु सबै निशुल्क नै गरिदिए । परीक्षणहरु पश्चात उनको सवालमा गर्भपतन गर्न अप्ठ्यारो हुने देखियो । एक त उनी जम्मा १३ बर्षकी मात्र थिइन् भने उनको गर्भ पनि दोस्रो त्रैमासिकमा पुगिसकेको थियो । यो कुरा उनकी आमालाई सुनाउँदा आमाले छोरीलाई घर लग्न चाहिनन् । उनको भनाईअनुसार घरमा केटीको दाइले निज पीडित बालिकालाई यो अबस्थामा घर आउन दिँदैन । साथै समाजबाट हुने तिरस्कारबाट पनि उनी डराइन् । धेरै पटकको मनोसामाजिक परामर्श पछि पनि उनकी आमा पीडित बालिकालाई घर लिएर जाने कुरा मान्न तयार भइनन् । एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुले यस्तो स्थितिमा के गर्ने भनेर उनीहरुलाई नै सोधे । समाजमा उनीहरुको इज्जत जाने डरले उनकी आमा कुनै सहयोग लिन चाहन्नथिन् न त प्रहरीलाई लगाएर अपराधी भेटाउने बारेमा नै उनको सहमति थियो । पीडितले पनि उनलाई कसले यस्तो गऱ्यो भनेर बारम्बार सोध्दा पनि अपराधीको नाम भन्न खोजिनन्, बरु कसले गऱ्यो उनलाई थाहा नभएको बताइन् । पीडितलाई पछि उनकै जिल्लाको गैरसरकारी संस्थाको सुरक्षित आवास गृहमा बस्ने व्यवस्था मिलाइयो । सुरक्षित आवास गृहमा बसे पनि उनी नियमित जाँच र उपचारका लागि अस्पताल आउँथिन् । मिति २०७५/०८/२६ को दिन ३.५ किलो तौलो भएको छोरो जन्माइन् । उनी अझै पनि सुरक्षित आवास गृहमा नै आफ्नो छोरासँग बस्छिन् । परिवारका कुनै पनि सदस्य उनलाई भेट्न आएका छैनन् ।

**घटना ११**

पाँच बर्षको छोरो र ५ महिनाको छोरी गरी २ सन्तान भएकी पीडित २४ बर्षकी महिला हुन् । सत्र बर्षमा उनको बिबाह भएको थियो । अहिले उनी दुई बच्चाहरुसँग बस्छिन् र अर्काको घरमा काम गरेर र गाईबस्तु पालन गरी आफ्नो गुजारा गर्दै आएकी छिन् । श्रीमान् काम गर्न साउदी अरब नजाउन्जेलसम्म उनीहरुको परिवारमा सुख शान्ति थियो । उनको भनाइअनुसार उनीको अरुसँग नाजायज सम्बन्ध छ भनेर नभएको कुरा श्रीमान बिदेशमा भएका बेला सासुसुराले श्रीमान्लाई सुनाइरहन्थे । दुई बर्ष काम गरी घर फर्केपछि श्रीमान्ले उनलाई शारीरिक र यौनजन्य दुर्व्यवहार गर्नुका साथै मानसिक पिडा दिन थाल्यो । सहन नसकेर उनी दुई बच्चीहरुलाई लिएर एक्लै बस्न थालिन् । एक्लै बस्न पनि श्रीमान्ले नदिने र दिन रात आएर उनीमाथि हातपात, कुटपीट र जबरजस्ती यौन हिंसा पनि गर्ने गर्दथ्यो ।

एकदिन यस्तै दिउँसोको १२ बजेतिर श्रीमान्ले फोन गरेर पैसा दिनुछ नजिकैको खेतमा आउनु भनेर बोलायो । पहिले त उनले आउँदिन भनिछिन् । तर धेरै नै पटक भनेपछि उनी बोलाएको स्थानमा

पुगिछिन् । त्यहाँ उनको श्रीमान् मोटर साइकलमा दुई अरु साथीहरुसँग आएको रहेछ । उसले उनीलाई आफ्नो मोटर साइकलमा राखरे नजिकैको जङ्गलमा लगेछ । जङ्गलमा उनलाई उसका दुईजना साथीसँगै छोडेर आफू चाहिँ भागेछ । ती साथीहरुले उनलाई बलात्कार गरेछन् । उनी रोई कराई गरेको सुनेर एक महिला त्यहाँ पुग्दा ती  दुईजना पनि भागेछन् ।

ती महिलाले प्रहरीलाई बोलाई दिइछन् र प्रहरीले उनलाई महिला विकासद्वारा संचालित सुरक्षित आवास गृहमा पुऱ्याएछ । त्यहाँबाट उनीहरुको मद्दतमा प्रहरीले उनलाई आवश्यक स्वास्थ्य परीक्षण र उपचारको निम्ति एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगेछ । त्यहाँ उपस्थित डाक्टरहरुले गर्नुपर्ने सबै जाँचहरु गरिदिए र उनलाई लगाउने नयाँ लुगा दिए र फेरि सुरक्षित आवास गृहमा पठाइदिए । त्यहींबाट उनले आफ्नो श्रीमान् र उसका साथीहरु बिरुद्ध मुद्दा दायरा गरिन् । आफ्नो परीक्षणको सबै रिर्पोटहरु आएपछि आफ्नो दुई बच्चीहरुसँगै बस्न पाइने आशामा उनी बसेकी  छिन् ।

**घटना १२**

पीडित १६ बर्षकी टुहुरी किशोरी हुन् । सानै छँदा उनकी आमाको मृत्यु भएको र बुबाले अर्को बिबाह गरेपछि उनलाई काकाको घरमा छोडिदिएको रहेछ । उनले कक्षा ४ सम्मको पढाई सकेता पनि पछि काकाको घरको कामको बोझले अरु पढ्न पाएकी थिइनन् ।

एकदिन घरको काम सकेर दिउँसो आराम गरिरहेको बेला काकाले एक्कासी आएर उनी माथि बलात्कार गरेछ । उनी रोइकराई गरिन् तर कोही पनि उनलाई बचाउन आएनन् । पछि काकाले कसैलाई नभन्नु भनेर थर्काएर गएछ । उनले भनिन् “मलाई यति धेरै पीडा महसुस भयो कि म हिड्न पनि सक्दिन थिएँ ।” यो घटना पटक पटक दोहोरिन थाल्यो । दिन रात नभनी मौका छोपेर काकाले उनलाई बलात्कार गर्दथ्यो  र कसैलाई नभन्नु भनेर थर्काउने गर्थ्यो । समय बित्दै गयो । उनको महिनावारी पनि रोकियो तर उनलाई यसबारे जानकारी नभएको कारण वास्ता नगरी बसिन् । जब पेटमा केही चलेको जस्तो भएपछि उनलाई गर्भ बसेको शङ्का लागेर डरले उनले काकालाई भनिन् तर काकाले यो सबै कुरा कसैलाई नभन्नु भनिस् भने मारिदिन्छु भनेर उल्टै धम्क्यायो । उनको भनाईअनुसार उनको पेट त्यति ठूलो देखिदैनथ्यो । त्यसैले उनी गर्भवती भएको बारे कसैलाई थाहा नै भएन । जब उनलाई ब्यथा लाग्न सुरु भयो त्यसपछि मात्रै घरभरी सबैलाई थाहा भयो । नाजायज सम्बन्ध राखेर बच्चा जन्माएको भनेर सबैजना उनलाई गाली गर्न थाले । काकीले पनि घरीघरी कसको बच्चा हो यो भनी कराउन थालिन् । उनले जम्मा १ के.जी तौलको छोरी जन्माइन् । उनलाई कसैले अस्पताल पनि लगेनन् । बच्चा जन्मिसककेपछि काका कै कारण यो बच्चा भएको भनेर सुनाइदिइन् । छिमेकीहरुले यो कुरा थाहा पाएपछि प्रहरीलाई बोलाइदिए । प्रहरीले उनलाई आवस्यक स्वास्थ्य परीक्षण र उपचारका निम्ति अस्पताल लगे । त्यसपछि उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा पठाइयो । फेरि त्यहाँ उनको र शिशुको पुरै परीक्षण गरियो । रगत, पिसाब र अन्य थप परीक्षणहरु पनि गरियो । अपराधीले अपराध स्वीकार नगरेपछि प्रहरीले र एकद्वार संकट ब्यवस्थापन केन्द्रका कर्मचारीले डिएनए परीक्षण गराउने निर्णय गरे । तर पछि अझ केरकार गरेपछि अपराधीले अपराध स्वीकार गऱ्यो । अदालतले अपराधीलाई नाबालिकाको बलात्कार

र हाडनाता सम्बन्धीको मुद्धामा २० बर्षको कैद सजाय तोकिदियो । पीडित अहिले आफ्नी छोरीसँग बस्छिन् र नियमित औषधी उपचारका लागि बच्चालाई लिएर एकद्वार संकट व्यवस्थापन केन्द्रमा आउने गर्छिन् ।

### घटना १३

पीडित यादव समुदायकी १८ बर्षकी महिला हुन् । उनले दश कक्षासम्म पढेकी छिन् । नजिकैको गाउँको एक केटासँग उनको प्रेम बस्यो । गर्भवती भएको थाहा नहुन्जेल उनीहरुको बीच राम्रो सम्बन्ध थियो । तर गर्भवती भएको थाहा भएपछि जब उनले केटालाई यसबारेमा भनिन् तब केटाले उनको गर्भको जिम्मेवारी लिन मानेन । त्यसपछि पीडित महिलाले आफ्ना आमाबुबालाई सबै कुरा भनिदिईन् । आमाबुबाको सल्लाहमा उनीहरुले यसबारे प्रहरीमा गएर उजुरी हाले । उजुरी दाखिला भएपछि प्रहरीले महिलालाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगे र त्यहाँ उपस्थित डाक्टरहरुले उनको सम्पूर्ण स्वास्थ्य परीक्षणका साथै अन्य सम्बन्धित सबै परीक्षणहरु गरिदिनुका साथै  आवस्यक औषधि भिटामिनहरु पनि निःशुल्क दिए । उजुरी दाखिला भएपछि केटा गाउँ छाडेर  भाग्यो । तर १०-१५ दिनपछि फर्केर बिबाहको लागि तयार भएको सुनायो । केटाकी आमाले दाइजो बराबर ५ लाख रुपैयाँको माग राखिन् । आफुहरु गरीब भए पनि आफ्नो छोरीको भविष्य राम्रो हुने आशाले ती महिलाका बुबाआमाले माग स्वीकार गरे । केटोले पनि बिबाह स्वीकार गऱ्यो र १ महिनापछि उनीहरुको बिबाह भयो । उनी अहिले आठ महिनाकी गर्भवती छिन् र नियमित जाँचका लागि अस्पतालमा आउने गर्छिन् ।

### घटना १४

पीडित २० बर्षकी तामाङ महिला हुन् । उनी आफ्ना आमाबुबा र दुई दाजुभाइसँग विकट जिल्लामा बस्छिन् । दुई घण्टाको बसको बाटो र एक घण्टा हिँडेपछि बल्ल उनको गाउँ आउँछ । घर भुइँचालोमा भत्किएपछि सहयोगमा बनाइएको टिनको पाताको घरमा उनीहरु बस्दै आएका छन् । कृषि नै उनीहरुको परिवारको मुख्य आम्दानीको श्रोत हो । उनको जिम्मेवारी भनेको गाईबस्तुलाई हेरचाह गर्नु, घाँस काट्नु, खुवाउनु नै थियो । उनी कहिल्यै विद्यालय गएकी थिइनन् । उनको भनाईअनुसार उनको छिमेकमा एक अधबैंसे मान्छेले किराना पसल चलाउने गर्थ्यो । उसले सँधै उनलाई जिस्काउने र उसकै घरमा बस्न आउ भन्ने गर्थ्यो । एक रात सबै सुतिरहेको बेला राति १० बजेतिर रक्सीले मातेर आएर उसले उनलाई बलात्कार गरेर गयो । त्यसबेला उनी धेरै रोइकराई गरिन् तर कोही पनि उठेनन् । यसपछि घरमा कोही नभएको मौका छोपी यस्तो हर्कत बारम्बार दोहोऱ्याउन थाल्यो । उनले यो कुरा आमा बुबासँग लुकाइन् । किन आमा बुबालाई नभनेको भनी सोध्दा उनी चुप लागिन् ।

तर पछि उनका बुबा आमाले यो कुरा थाहा पाएर उनलाई घरबाट निकालिदिए । त्यसपछि गाउँकै एकजना दिदीले उनलाई सुरक्षित आवास गृहमा लिएर आइन् । पाँच महिनाको गर्भवती अवस्थामा उनी सुरक्षित आवास गृहमा आइपुगेकी थिइन् । सुरक्षित आवास गृहमा बसे पनि नियमित जाँचको निम्ति उनी एकद्वार संकट व्यवस्थापन केन्द्रमा आउने गर्थिन् । गर्भवती अवस्थामा केही जटिलताहरु

आएकाले उनी अस्पतालमा केही समयका लागि बस्नुपर्‍यो । अस्पतालका कर्मचारीहरुले उनलाई राम्रो व्यबहार गरे । खाना लगायत औषधी उपचार सबै निशुल्क गरिदिए । सामान्य रुपमा प्रसुति गर्न नमिल्ने भएको हुँदा उनको पेट चिरेर बच्चा जन्माउनु पर्‍यो । त्यसपछि उनी अलि लामो समयका लागि अस्पतालमा बस्नु पर्‍यो । अहिले पनि उनी आफ्नो बच्चा सहित सुरक्षित आवास गृहमा नै बस्छिन् । एकद्वार संकट व्यवस्थापन केन्द्रको मद्दतबाट मुद्दा दखिला भए पनि अपराधी फरार नै छ ।

### घटना १५

सत्र बर्षको बैबाहिक सम्बन्धमा रहेकी ३६ बर्षीया पीडित महिला श्रीमान्सँग बस्दै आएकी थिइन् । उनको घरबाट अस्पताल पुग्न साढे तीन घण्टा बस चढ्नुपर्थ्यो । उन्नाइस बर्षको उमेर मै उनले प्रेम बिबाह गरेकी थिइन् र अहिले उनका ४ जना छोरीहरु छन् । बिबाहको केही महिनामा नै उनीहरु सासु ससुराबाट छुटिएर बस्न थाले । तर छुटिएर बसे पनि आफु नभएको मौका छोपी उनकी सासुले आफ्नो छोरालाई उनको बारेमा चाहिने नचाहिने कुरा सुनाएर उनका बिरुद्धमा भड्काउन खोज्थिन् । यसबारेमा श्रीमान्सँग कुरा गर्न खोज्दा श्रीमान्ले उनको कुरा सुन्दै सुन्दैन थिए ।

बिगत केही बर्षदेखि उनका श्रीमान्ले उनलाई कुटपिट गर्ने र घाँटी अठ्याउने गर्न थालेका थिए । श्रीमान्को रक्सी खाने र जुवा खेल्ने नराम्रो लत थियो । बिहानैदेखि रक्सी खाने र साथीहरुसँग दिनभर समय बिताउने गर्थे । घरको काम तथा बच्चाहरुबारे केही मद्दत गर्दैनथे । उनको राति मातेर आएर झगडा गर्ने र कुटपिट गर्ने त नियमित कार्य हुदै गएको थियो । तर उनी आफूले चाहीँ भ्याई नभ्याई घर र खेतको दुबै काम गर्नु पर्दथ्यो । दिनहुँ जस्तो आएर कुट्ने र कहिले छरछिमेकी आएर बचाउनु पर्ने पनि स्थिति आउँथ्यो । सासु ससुराले पनि हातपात गर्ने र छोरा नपाएको निहुँमा गाली गर्ने गर्थे । छोरालाई पनि उनलाई छाडेर अर्को बिबाह गर्न भड्काउँथे । यतिसम्म की बच्चाहरुको समेत वास्ता नगरी जुनसुकै समयमा पनि उनले श्रीमान्सँग यौन सम्पर्क गर्न बाध्य हुनुपर्थ्यो । महिनावारी भएको बेलामा समेत पनि छोड्दैन थियो । प्रहरीमा उजुरी गरेपछि भने उनीहरुले श्रीमान्लाई त्यसो नगर्न अलिअलि धम्क्याउने गर्नुका साथै उनलाई चाहिँ मिलेर बस्नु भन्ने सल्लाह मात्र दिने गर्थे । मिति २०७४ बैशाख ९ गतेको दिन भने एक भयानक घटना घट्यो । उनी बिहान खेत गएर बेलुकी ५ बजेतिर घर फर्केकी थिइन् । उनको श्रीमान् रिसले आगो भएर बसेका रहेछ तर उनलाई किन रिसाएको भनेर थाहा थिएन । उसले एक्कासी उनको कपाल समाएर घाँटी अठ्याउन थाल्यो र हातमा भएको लठ्ठीले कुट्न थाल्यो । बेहोश नहुन्जेल उसले कुट्न छाडेन । जीउभरी निलडाम र घाउचोट लाग्यो र टाउकोबाट रगत बग्न थाल्यो । यसरी कुटपिट गर्दा उनका करङका हड्डीहरु पनि भाँचिए अनि जीउ र हाटखुट्टा पनि सुनिएर आए । उनी कराएको सुनेर छिमेकीले उनकी बहिनीलाई बोलाइदिए र एम्बुलेन्समा हालेर मध्यरातमा अस्पतालको आकस्मिक सेवामा पुर्‍याइदिए । होस आउँदा उनले आफूलाई अस्पतालमा पाइन् । जीउभरी घाउ र चोट भएको कारण उनलाई भर्ना गरियो । एकदिन आकस्मिक विभागमा बसेपछि भोलिपल्ट एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीलाई जानकारी गराई महिला वार्डमा सारियो ।

एकद्वार संकट व्यवस्थापन केन्दका कर्मचारीको रोहबरमा उनको उपचार भयो र उनलाई ३ दिनसम्म अस्पतालमा नै राखियो । उनको भनाईअनुसार त्यहाँ उपस्थित डाक्टर नर्स लगायत सबै कर्मचारीहरुले उनीसँग राम्रो व्यबहार गरे । खाना, औषधी उपचार सबै निशुल्क नै गरिदिए र एक जोर कपडा पनि दिए । त्यस केन्द्रबाट पाएको सेवाबाट उनी धेरै सन्तुष्ट थिइन् र पटक पटक पाएको मनोसामाजिक परामर्शबाट उनलाई धेरै मद्दत भएको उनको भनाई छ । त्यहींबाट उनीले सुरक्षित आवास गृह, प्रहरी सेवा र कानुनी अधिकारको बारेमा पनि राम्रो जानकारी पाइन् । एकद्वार संकट व्यवस्थापन केन्द्रको मद्दतबाट उनले श्रीमानसँग सम्बन्ध बिच्छेदका लागि अदालतमा मुद्दा दायर गरिन् र अहिले अदालतमा उनको मुद्दा चल्दैछ । उनी अहिले घर नफर्केर आफै एक्लै बस्छिन् । एकद्वार संकट व्यवस्थापन केन्दको संयोजनमा महिला र बालिका कोषबाट उनलाई सानो व्यवसाय खोल्न मद्दत गरिएको छ । कोषको पैसाबाट एउटा खाजा घर चलाउने उनको योजना छ ।

## घटना १६

चौबिस बर्षकी मानसिक अशक्तता भएकी पीडित महिला आफ्नी बहिनीसँग बस्दै आएकी छिन् । उनकी आमाको २ बर्षअघि र बुबाको ५ बर्षअघि नै निधन भएको थियो । एउटा खोर जस्तो संरचनामा उनलाई नाङ्गै, हिलो माटो, दिसा पिसाबमा लट्पटिएको अवस्थामा उद्धार गरिएको थियो । उनकी बहिनी उनलाई छाडी अन्तै कतै गइसकेकी थिइन् । त्यस बेला उनी हिड्न र खान सक्ने अवस्थामा थिइनन् । उनलाई जिल्ला अस्पतालमा उपचारका लागि लगियो र अस्पतालको आकस्मिक विभागमा भर्ना गरियो । त्यहाँबाट उनलाई एकद्वार संकट व्यवस्थापन केन्दमा पठाइयो । त्यहाँ उपस्थित डाक्टरहरुले उनको सम्पूर्ण स्वास्थ्य परीक्षण र अन्य अरु सम्बन्धित सबै परीक्षणहरु पनि गरिदिए । उनलाई १ जोर कपडा र एकजना सुसारेको पनि निशुल्क व्यबस्था गरी केही दिन त्यहीँ राखिदिए । यसबाहेक उनलाई छालासम्बन्धी अन्य रोग विशेषगरी Fungal infection भएकोले सम्बन्धित अस्पतालमा उपचारको निम्ति लगियो र उपचार पश्चात सुरक्षित आवास गृहमा पठाईयो जहाँ उनी १ महिनासम्म बसिन् । त्यसपछि उनलाई स्थायी रुपले पुर्नस्थापना गराउने सम्बन्धमा एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुले धेरै छलफल गरे । जिल्ला समन्वय समिति, घटना व्यवस्थापन समितिका साथै सम्बन्धित अन्य सरोकारवालाहरुसँगको छलफल र निर्णयबाट उनलाई काठमाडौँको एक पुर्नस्थापना केन्द्रमा पठाउन एकद्वार संकट व्यवस्थापन केन्द्रले स्वीकृति पायो । त्यस केन्द्रकै नर्सले अहिले पनि त्यस संस्थासँग सम्पर्क गरी उनको अवस्था बारेमा सोधखोज गर्ने गर्छिन् । आफ्नो स्थितिमा सुधार आएको देखेर उनी धेरै खुसी पनि छिन् । उनी अहिले आफैं हिँड्डुल गर्न, शौच गर्न र खाना खान सक्ने भएकी छन् ।

## घटना १७

उनी सानै छँदा उनका बुबा आमाको सम्बन्ध बिच्छेद भएको हुँदा उनी आमासँग एक्लै हुर्किएकी हुन् । आमा बैदेशिक रोजगारीका लागि बिदेश गएको हुँदा उनी आफ्नी सानी आमाको घरमा बस्दै आएकी थिइन् । हाल उनी कक्षा ८ मा अध्ययनरत छिन् ।

उनी घर छेउको नृत्य सिकाउने केन्द्रमा नृत्य सिक्न जान्थिन् । त्यस दिन पनि सधैंजसो उनी त्यहाँ पुगिन् तर त्यहाँ नाच सिक्ने अरु साथीहरु आएका थिएनन् । उनी एक्लै कुरिरहेको बेला मौका छोपेर उनलाई नाच सिकाउने शिक्षकले जबरजस्ती बलात्कार गरे । उनलाई शिक्षकले यसबारे कसैलाई भनेमा ज्यान लिने सम्मको धम्की दिए । तर उनी घर गएर सबै कुरा आफ्नी सानी आमालाई बताइन् । सानी आमाले उनलाई पुलिस थानामा लगिन् र उजुरी हाल्न लगाइन् । पुलिसले पीडितलाई स्वास्थ्य परीक्षणका लागि अस्पताल लगे । त्यसपश्चात एकद्वार संकट व्यवस्थापन केन्द्रमा उपस्थित डाक्टरहरुले उनको सम्पूर्ण शारीरिक परीक्षण र सम्बन्धित अन्य सबै परीक्षणहरु पनि गरे । घटना भर्खरै मात्र भएकोले उनलाई आपतकालिन गर्भनिरोधक चक्की पनि दिइयो । परीक्षणको रिपोर्टबाट उनको योनी सुनिएर रातो भएको र ज्वरो पनि आइरहेको देखियो । उनी उक्त घटनाको कारण निकै मानसिक तनाबमा थिइन् । उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा २ दिनसम्म राखियो । उनलाई पटक पटक मनोसामाजिक परामर्श पनि दिइयो । अवस्थामा राम्रो सुधार नआएकोले उनलाई अझै केही थप समयको लागि सुरक्षित आवास गृहमा राखियो । पछि परिवारसँग घर पठाइयो । प्रहरीमा अपराधी बिरुद्ध उजुरी दाखिला भएपछि अपराधीलाई पक्रेर हिरासतमा राखियो । अहिले उसको मुद्दा अदालतमा चलिरहेको छ । उनी आफ्नो नियमित जाँच र परामर्शको लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा आउने गर्छिन् । उनको स्थितिमा निकै सुधार आएको देखिन्छ र उनी फेरि विद्यालय जान सुरु गरेकी छन् ।

**घटना १८**

कीटनाशक औषधी सेवन गरी आत्महत्याको प्रयास गरेकी पीडित २५ बर्षीया महिला हुन् । उनको भनाईमा उनको बिबाह उनका बुबा आमाले नै गरिदिएका थिए । अहिले उनका ७ बर्षकी छोरी र ४ बर्षको छोरा गरी दुई बच्चाहरु छन् । उनी आफ्नो श्रीमान्सँग संयुक्त परिवारमा बस्ने गर्थिन् । उनका श्रीमान् नेपाली सेनामा कार्यरत थिए भने उनी पनि शिक्षिका थिइन् । उनीहरुको बैबाहिक जीवनको सुख केही महिनामा मात्रै सीमित रह्यो । श्रीमान् घर बिदामा आएको बेला राति ढिला रक्सी खाएर आउँथ्यो र उनलाई कुटपिट गर्थ्यो । काममा जाँदा अरु लोग्ने मान्छेसँग पनि हिँड्डुल गर्छे भन्ने आशङ्काले श्रीमान्ले उनलाई जागिर छोड्न दवाब दिइरहन्थ्यो । सासु ससुराले पनि उनलाई साथ दिँदैनथे । घरको काम सबै लगाउँथे तर मालसामान, पैसा, खाना चोरेको दोष लगाई कोठामा छिर्न दिँदैन थिए ।

जुन दिन घटना घट्यो त्यस दिन पनि उनकी सासुले सधैंझै पैसा चोरेको दोष लगाउँदै थिइन् भने उनीचाहीँ आफूले केही गल्ती नगरेको भन्दै आफ्नो बचाउ गर्दै थिइन् । त्यही बेला उनको श्रीमान्ले उनलाई कुट्न थाल्यो । असह्य भएकोले उनले उति नै बेला आफ्नो कोठामा गई कीटनाशक बिषादी सेवन गरिन् । बिषादी सेवन गरेको केही बेरमा नै उनलाई बान्ता हुन थाल्यो र बेहोश भएर लडिन् ।

उनलाई उपचारका निम्ति अञ्चल अस्पतालको आकस्मिक सेवामा लगियो । डाक्टरलाई लैङ्गिक हिंसाको शङ्का लागेपछि एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीलाई बोलाए । पीडितलाई

एकद्वार संकट व्यवस्थापन केन्द्रमा सारियो र २ जना डाक्टरहरुले उनको आवस्यक सबै परीक्षणहरु गरे । आवस्यक औषधोपचार सेवाहरु निशुल्क नै गरिदिए । उनलाई त्यहाँ दुई दिन राखियो र त्यहाँका परामर्शदाताले पटक पटक गरी मनोसामाजिक परामर्श पनि दिए । उनलाई घर जान मन नभएकोले सुरक्षित आवास गृहमा ५ दिनसम्म राखियो । सुरक्षित आवास गृहका कर्मचारीहरुको सहयोगले उनले आफ्नो सासु ससुरा र श्रीमान बिरुद्ध  थानामा उजुरी हालिन् । प्रहरीले सासु ससुरा र श्रीमानलाई थानामा बोलाएर सबैको अगाडि सँगै बस्ने कि छुटिएर बस्ने भनेर सोधे । त्यसबेला उनका श्रीमानले गल्ती गरेको स्वीकार गरे र अब कहिल्यै त्यस्तो नगर्ने बाचा गरेपछि उनीहरु सबै घर फर्किए । अहिले उनी आफ्नो सासु ससुराबाट छुट्टिएर बस्छिन् र श्रीमानसँग खुसी जीवन बिताइरहेको जानकारी गराएकी छिन् ।

## घटना १९

सत्र बर्षकी पीडित किशोरी आफ्ना आमा, बुबा, सानो भाइ र बहिनीसँग बस्दै आएकी छिन् । उनी १२ कक्षामा पढ्दैथिइन् । बिहानको कक्षा सकेर दिउँसो घरको काममा आमालाई सघाउँथिन्, घाँसपात ल्याउथिन् र खेतबारीमा पनि मद्दत गर्थिन् । एक बर्ष अघि उनी गाउँको बजारमा ११ कक्षा पढ्न भनी कोठा भाडामा लिएर बसेकी थिइन् । उनका बुबा आमाले पढाईको खर्च धान्न नसक्ने भएर उनी आफ्नो छिमेकीले चलाएको होटेलमा काम पनि गर्थिन् । उनको काम बिहान ६ बजेबाट सुरु भएर राति १० बजेसम्म हुन्थ्यो । उनी होटल नजिकैको घरमा कोठा भाडा लिएर बस्थिन् । त्यस होटलमा मालिकको नाता पर्ने मान्छे पनि बस्थ्यो । उनको भनाईअनुसार ऊ बिदेश जान भिषा कुरेर बसेको थियो । उसले उनलाई बहिनी भनी बोलाउने गर्थ्यो र समय समयमा कुरा पनि गर्थ्यो । ऊ जहिले पनि उनकै वरिपरि नै हुन्थ्यो । उसले एकदिन उनलाई उसँग बजार गइदिन आग्रह गर्‍यो ।

उनको भनाइअनुसार “ऊ आयो र मलाई उसँगै उसको श्रीमतीको भित्री बस्त्र किन्न बजार जाउँ भन्यो । मैले धेरै चोटी जान्न भने पनि यो महिलाहरुको लुगा किन्न मलाई एक्लै जान र किन्न अप्ठ्यारो लाग्छ” भनेर धेरै कर गर्‍यो ।

यसरी बारम्बार नाई भन्दा पनि धेरै आग्रह गरेपछि अन्तिममा उनीहरुसँगै बजार गए । तर बजार लानुको सट्टा उसले उनलाई एउटा होटलमा लग्यो । होटलको कोठामा लगेर उनलाई चिसो खान आग्रह गर्‍यो र भन्यो “यो कोठामा एकछिन् बसौं, चिसो खाऔं र यसपछि पसल जाऊँला”। यस्तो कुरा सुनेर उनको मनमा चिसो पस्यो र डर लागेर आयो । कोठा छोडेर भाग्न खोज्दा उसले जान नदिएर जबरजस्ती समाएर पलङमा लडायो  । उसले उनको पाइन्ट खोल्न जबरजस्ती गर्दैथियो । त्यतिनै बेला प्रहरी आएर ढोका ढक्ढक्यायो र दुबैलाई समातेर थाना लग्यो । पुरुषलाई थुनामा राखी दुबैसँग सोधपुछ गरी कुरा बुझ्रेपछि त्यस पुरुषको बिरुद्ध बलात्कारको प्रयासमा मुद्दा दाखिला गरियो । प्रहरीले महिला तथा बालबालिका कार्यालयले सञ्चालन गरेको सुरक्षित आवास गृहमा फोन गरी उनलाई शारीरिक जाँचका लागि पठायो । सुरक्षित आवास गृहका कर्मचारीले उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगेर गए र त्यहाँ उनको सबै आवश्यक स्वास्थ्य परीक्षणहरु

गरियो । महिला डाक्टरहरुले उनलाई राम्रो ब्यबहार गरेकोमा र यस घटनाको गोपनियता कायम राखिदिएकोमा उनले खुसी ब्यक्त गरिन् । जाँच पछि उनलाई एक पटक मनोसामाजिक परामर्श सेवा पनि दिइयो । उनी ठिकै भएको कारण केही औषधी दिनुपरेन । उनलाई थप १ दिन सुरक्षित आवास गृहमा नै राखियो । भोलिपल्ट प्रहरीले उनका बुबा आमालाई बोलाएर उनीहरुको साथमा उनलाई घर पठाइदिए । त्यसपछि उनले निज पुरुष बिरुद्ध बलात्कारको मुद्दा दायर नगर्ने निर्णय गरिन् र उनको भनाई अनुसार "यसै पनि मेरो नाममा यति बेइज्जत भइसक्यो, पुलिस केस गरेर थप बेइज्जत हुनु छैन मलाई । होटलको अङ्कलले पनि त्यसो गरे मेरो इज्जतमा अझ नराम्रो असर पर्छ भन्नुभएको छ । फेरि अदालतमा पनि धेरै झमेला भोग्नु पर्ने भएकोले मिलापत्रमा जाने मैले निर्णय गरेँ"। यसै कारण महिला तथा बालबालिका अधिकृत, प्रहरी, उनका बुबा, आमा र होटलको अङ्कलको रोहबरमा उनले मुद्दा फिर्ता लिए बापत अभियुक्तले ५०,०००।- (पचास हजार) क्षतिपूर्ति तिर्ने भनी सम्झौता गरियो । सोहीअनुसार मुद्दा फिर्ता लिइयो र उनलाई ५०,०००।- (पचास हजार) क्षतिपूर्ति पनि दिइयो ।

त्यसपछि थप ६ महिना त्यही होटलमा काम गरिन् र उनी घर फर्किन् । अहिले उनी कक्षा १२ मा अध्ययनरत छिन् । जिन्दगी सामान्य किसिमले चल्दैछ । एकद्वार संकट ब्यवस्थापन केन्द्रको मनोसामाजिक परामर्शमा उनले आगामी दिनहरुमा के गर्न सक्छिन् भन्ने विकल्पहरुका बारेमा जानकारी पनि पाईन् ।

**घटना २०**

कक्षा ५ मा अध्ययनरत पीडित ११ बर्षकी बालिका हुन् । उनी आफ्ना आमा, बुबा दिदी र भाइसँग बस्छिन् । उनलाई उनको परिवारका सदस्यहरुले एकद्वार संकट ब्यवस्थापन केन्द्रमा लिएर आएका हुन् ।

घटनाको दिन उनी विद्यालयबाट फर्किएर गाइबस्तु चराउन जङ्गल गएको बेला दुई अपरिचित व्यक्तिहरुले घाँटी अठ्याएर उनलाई बलात्कार गरी जङ्गलको एउटा खाडलमा बेहोश अवस्थामा छोडेर भागेका थिए । साँझको ५:३० बज्दा पनि घर नफर्केको कारण परिवारका सदस्यहरु उनलाई खोज्न जङ्गल गए र खाडलमा अचेत अवस्थामा फेला पारे । उनलाई नजिकैको स्वास्थ्य चौकीमा लगे । तर त्यहाँ उनको स्वास्थ्य स्थितिमा सुधार आएन । ज्वरो बढ्न लागेको कारण उनलाई प्रदेशको अस्पताल पठाइयो ।

उनलाई आकस्मिक सेवामा लगियो र प्राथमिक परीक्षण पश्चात् त्यहीँबाट उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा पठाइयो । त्यहाँ उनको एकजना स्टाफ नर्स र दुई जना डाक्टरहरु मिलेर विधिपूर्वक सम्पूर्ण परीक्षणहरु गरे । दुई दिनसम्म उनलाई त्यहीं नै राखियो । घर टाढा भएको कारणले उनलाई थप एक हप्तासम्म सुरक्षित आवास गृहमा पठाइयो । एउटा गैर सरकारी सस्थाले सञ्चालन गरेको सुरक्षित आवास गृहमा बसे पनि उनी नियमित जाँचका लागि एकद्वार संकट

व्यवस्थापन केन्द्रमा आउँथिन् जहाँबाट उनले निशुल्क औषधी उपचार पाउनुका साथै उनी लगायत उनका  परिवारले पटक पटक मनोसामाजिक परामर्श सेवा पनि  पाए ।

प्रहरीमा उजुरी दाखिला भएता पनि अपराधीलाई पुलिसले अझै पहिचान गर्न सकेको छैन । उपचारपछि पीडित आफ्नो परिवारसँग घर फर्किइन् र विद्यालय जान थालेकी छन् ।

**घटना २१**

कक्षा ४ मा अध्ययनरत पीडित दश बर्षकी बालिका हुन् । उनी ८ सदस्यीय परिवारमा आफ्ना हजुरबुबा/आमा, बुबा आमा लगायत ३ दिदी भाइसँग बस्छिन् । खेतीपाती नै उनीहरुको परिवारको आयआर्जनको मुख्य श्रोत हो । उनलाई उनका परिवारका सदस्यले एकद्वार संकट व्यवस्थापन केन्द्रमा  ल्याई पुऱ्याएका थिए ।

घटनाको दिन उनी आफ्नी साथीसँग विद्यालयबाट घर फर्किंदै थिइन् । घर पुग्नु अघि बाटोमा जङ्गल पर्दथ्यो । त्यही जङ्गलमा २०/२२ बर्ष जस्तो लाग्ने मुखमा मुकुण्डो लगाएको मान्छेले पछाडिबाट झम्टेर उनलाई समायो र मुख कपडाले बाँधेर जङ्गलतिर लग्यो । उनकी साथी यो सबै देखेर डराइन् र घर भाग्न सफल भइन् । ती बालिकालाई त्यस मान्छेले बलात्कार गऱ्यो र बलात्कार पछि मुखभरी पिसाब फेरिदिएर, थुकेर, एउटा खाडलमा छोडेर भाग्यो । यता साथी चाहीँ भागेर घर पुगिन् र ती बालिकाको परिवारलाई सबै कुरा बताइन् । त्यसपछि परिवारका सबैजना घटनास्थल तिर दौडेर गए । उनीहरुले उनलाई हिड्न नसक्ने र रगताम्मे अवस्थामा  फेला पारे । उनकी आमाले उनलाई स्थानीय अस्पताल लिएर गइन् र त्यहाँ प्राथमिक उपचार गराएर थप उपचारका लागि अञ्चल अस्पताल लगिन् ।

अञ्चल अस्पतालबाट नै उनी एकद्वार संकट व्यवस्थापन केन्द्रमा आइपुगिन् जहाँ एक जना नर्स र डाक्टरहरु मिलेर उनको सम्पूर्ण स्वास्थ्य परीक्षण गरे । घटनाको अबस्था हेरेर उनको चिकित्साजन्य कानुनी परीक्षणका लागि पिसाब र रगत जाँचका साथै योनीबाट नमुना निकालियो । उनको यौनाङ्ग क्षतविक्षत् अवस्थामा थियो भने उनको शरीरभरी चोटपटकहरु लागेको थियो । उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा भर्ना गरियोर उनी ३ दिनसम्म त्यही नै राखियो । उनको सबै औषधी उपचार र अस्पताल खर्च निशुल्क भयो । उनका आमाबुबालाई निःशुल्क नै  खाने व्यवस्था पनि मिलाइयो । उनलाई र उनका परिवारलाई पटक पटकको मनोसामाजिक परामर्श पनि दिइयो । साह्रै गरीब भएकाले उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रले नै उनीहरुको आउन जानको निम्ति बाटो खर्च पनि मिलाइ दियो ।

प्रहरीमा उजुरी दर्ता भएपनि अझै अपराधी भेटिएको छैन र पुलीस अझै उसको खोजीमा छ । उपचार पश्चात पीडित बालिका घर फर्किएर विद्यालय पनि जान थालेकी छिन् । नियमित जाँचका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र आएपछि उनको घाँटीमा देखिएको संक्रमणको पनि उपचार भयो । त्यहाँ उनलाई राम्रो व्यवहार गरियो र उनको मनोसाामाजिक स्थितिको पनि जाँच गरी

आवस्यक मनोसामाजिक परामर्श पनि दिइयो । उनी अहिले राम्रै अवस्थामा छिन् । उनले धेरै पढेर भविष्यमा एक असल मान्छे बन्ने आफ्नो योजना भएको सुनाइन् ।

### घटना २२

राति १२ बजेतिर एक प्रहरी अधिकृतले शिशु रोएको आवाज सुनी त्यहाँ गई हेर्दा सालनाल सहितको १ दिनको शिशुलाई कसैले पुलमुनि फालेको अवस्थामा फेला पारे र राति १ बजेतिर उक्त शिशुलाई अस्पतालको आकस्मिक कक्षमा पुऱ्याए । भोलिपल्ट शिशुलाई थप जाँचको लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा पठाइयो ।

साढे दुई  के.जी. तौलको शिशु स्वस्थ अवस्थामा भए पनि कीरा र कमिलाले टोकेर अलि अलि घाउ पारेको रहेछ । शिशुलाईलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै राखियो र अरु थप परीक्षणहरु पनि गरियो । त्यस केन्द्रमा ल्याएपछि शिशुलाई ज्वरो बढेको थियो तर राम्रो हेरचाह र उपचारले छिटै निको पनि भयो । शिशुलाई दूध, कपडा र डाइपर सबैको व्यबस्था एकद्वार संकट व्यवस्थापन केन्द्रले नै गरिदियो । चौबिस दिनसम्म शिशुलाई त्यहीँका नर्सहरुले राम्ररी स्याहारेर राखे । प्रहरीले आमाको सक्दो खोजी गरे पनि भेट्न सकेन । अस्पतालमा धेरैबेरसम्म राख्न नसिकने भएकोले प्रमुख जिल्ला अधिकारीको रोहबरमा जिल्ला समन्वय समितिको बैठक बोलाई शिशुलाई के गर्ने भनी छलफल गरियो । महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि, प्रहरी प्रमुख, जिल्ला शिक्षा अधिकारी, कानुनी र अन्य सँस्थाका प्रतिनिधिहरु, अस्पतालका सुपरिवेक्षक, डाक्टर र एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुको उपस्थितिमा शिशुलाई त्यसै जिल्लाका कुनै निःसन्तान दम्पतिलाई दिने निर्णय गरियो । त्यसपछि सबै कागजपत्र तयार गरी एक निःसन्तान दम्पतिलाई शिशुको जिम्मा दिइयो । अहिले शिशु २० महिनाकी भइन् र दम्पतिले सबै नियमित खोपका लागि शिशुलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै ल्याउने गर्छन् । सो शिशुलाई पाएर दम्पति निकै खुसी छन् ।

### घटना २३

पीडित ७० बर्षीया महिला हुन् । उनका श्रीमान धेरै अघि नै बितिसकेका र दुई छोराहरु अर्के जिल्लामा बसाईसराईं गरेकोले उनी एक्लै बस्दै आएकी थिइन् । छोराहरु कहिले काहीँ भेट्न आउने गर्थे । मिति २०७४/०५/०८ घटना भएको रातमा सधै झैं उनी एक्लै सुतिरहेकी थिइन् । मध्य राततिर अचानक उनको छिमेकीले केही आवाज आएको सुने । पहिले त केही होइन होला भनेर वास्ता गरेनन् । तर पछि गाउँकै एक लागु पदार्थ सेवन गर्ने युवक ती बृद्ध महिलाको घरबाट निस्केको देखेपछि चाहिँ केही नराम्रो भएको शङ्का लागेर उनले अरु छिमेकीहरुलाई पनि बोलाएर उनको घर गएर हेर्दा ती महिलालाई अचेत अबस्थामा भेटे । त्यस युवकले उनलाई कुटपिट गरेर जबरजस्ती गरी बलात्कार पनि गरेको रहेछ । छिमेकीहरुले उनलाई जिल्ला अस्पतालको आकस्मिक सेवामा लिएर गए र त्यहाँ प्रारम्भिक जाँचगरे पछि उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा रिफर गरे । त्यहाँ स्टाफ नर्सको सहायतामा डाक्टरहरुले उनको सम्पूर्ण स्वास्थ्य परीक्षण गरे । उनको शरीरभरी चोटपटक र ठाउँठाउँमा निलो डाम भेटियो ।  ओठ टोकेको कारण सुनिएर रगत

बगिरहेको थियो । उनको गुप्ताङ्ग सबै छिन्नभिन्न भएर गहिरो चोट लागेको भेटियो । घटनाको अबस्था हेरेर उनको चिकित्साजन्य कानुनी परक्षणका लागि उनको पिसाब र रगत जाँचका साथै योनीको तल्लो, बीचको र माथिल्लो भागबाट नमूना निकालियो । डाक्टरहरुले योनाङ्गको च्यातिएको घाउ सिलाउने काम लगायत अन्य घाउहरुमा मलमपट्टी लगाइदिए । उनी ६ दिनसम्म एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै भर्ना भएर बसिन् । उनको बसाई, खाना र कपडा आदिको निशुल्क व्यबस्था पनि एकद्वार संकट व्यवस्थापन केन्द्रले नै गरिदियो । उनलाई पटक पटक मनोसामाजिक परामर्श पनि दिइयो । त्यसपछि उनलाई सुरक्षित आवास गृहमा सारियो र दुई महिनासम्म उनी त्यहीं नै बसिन् । एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीको मद्दतले प्रहरीकहाँ उनको मुद्दा दाखिला भयो । प्रहरीले अपराधीलाई पक्रिएर जेलमा राखे । अदालतमा मुद्दा हाल्न पनि एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुले नै मद्दत गरे । अभियुक्तले आफ्नो अपराध स्वीकार गरेपछि ज्येष्ठ नागरिकको बलात्कार अभियोगमा अपराधी अहिले १४ बर्षको जेल सजाय भोग्दैछ । अहिले उनी घर फर्किसकिन् र उनीसँग उनकी एकजना नातिनी बस्न थालेकी छिन् ।

### घटना २४

पीडित मानसिक अशक्तता भएकी ३५ बर्षीया महिला हुन् । उनी बेसहारा भएर सडकमा नै बस्दै आएकी थिइन् । सडकमा यसरी एक बेसहारा महिला त्यो पनि गर्भवती अवस्थामा देखेर एक प्रहरी हवल्दारले उनलाई उपचारको निम्ति एकद्वार संकट व्यवस्थापन केन्द्रमा लिएर आए । निज हवल्दारले भने “सडकमा बस्दै आएकी एक गर्भवती महिला देखें । उनको स्थिति बुझ्न उनीसँग कुरा गर्न गएँ । उनी मानसिक रुपमा अलि अस्थिर देखिन्थिन् भने आफ्नो नाम र ठेगाना केही पनि बताउन सक्ने स्थितिमा थिईनन् । त्यसैले उनको सुरक्षाको डरले मैले उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लिएर आएँ ।” उनी त्यहाँ आउँदा ७ महिनाको गर्भवती अबस्थामा थिइन् । त्यहाँ आएपछि उनको सम्पूर्ण स्वास्थ्य परीक्षण गरियो । औषधिका साथै चाहिने भिटामिन चक्कीहरु पनि उनलाई दिइयो र उनलाई सुरक्षित आवास गृहमा सारियो । सुरक्षित आवास गृहमा बसे पनि आफ्नो नियमित स्वास्थ्य परीक्षणका लागि उनी एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै आउने गर्थिन् । त्यसको दुई महिनापछि उनले छोरा पनि जन्माईन् । उनको मानसिक रोगसम्बन्धी उपचार पनि थालियो । उनले नै दिएको ठेगानाअनुसार प्रहरीले उनको परिवार भेटाउन प्रयास गरेता पनि त्यसबाट खासै केही पत्ता लगाउन सकिएन ।

एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्स र सुरक्षित आवास गृहका संयोजक मिलेर उनलाई र उनको शिशुलाई राम्रोसँग पुनर्स्थापना गराउन धेरै मेहनत गरे । सल्लाह र सुझाबका लागि जिल्ला समन्वय समितिको बैठक र घटना व्यबस्थापन समितिको बैठकहरु बोलाइयो । मानसिक स्थिति असन्तुलन भएकोले उनी र उनको शिशुको पुनर्स्थापनाको व्यबस्थापन गर्न सबैलाई मुस्किल भयो । पछि नेपाल हेल्थ सेक्टर सपोर्ट प्रोग्रामका जेसी सल्लाहकारलाई एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्सले सम्पर्क गरेपछि वहाँहरुको मद्दतबाट काठमाडौँको एक गरीब र असहायहरूका लागि खोलिएको संस्थामा उनीलाई सारियो । केही महिनापछि आमा र शिशु दुबैलाई फेरि अर्को जिल्लाको आश्रममा सारियो । अहिले आमा र शिशु दुबैको अबस्था राम्रो छ ।

**घटना २५**

संयुक्त परिवारमा बस्ने गरेकी पीडित २८ बर्षकी महिला हुन् । सानै उमेरमा बिबाह गरे पनि दाइजो नल्याएको भन्दै उनका सासु ससुराले उनलाई शारीरिक र मानसिक तनाव दिने गर्दथे । त्यस्तै बच्चा पाउन नसकेको भनेर उनले थप तनाब र पिडा भोग्दै आएकी थिइन् । दिनहुँ यस्ता तनाबहरु सहन नसकी केही बर्ष यता उनी आफ्नो माइतमा बस्दै आएकी थिइन् । दिनहुँको असह्य पिडाका कारणले उनले आफ्नो मानसिक सन्तुलन पनि गुमाईसकेकी थिइन् । उनी कोहीसँग कुरा नगरी एक्लै बस्ने गर्थिन् । श्रीमान्ले अर्को बिबाह गरेको थाहा पाएपछि त उनको स्थिति झन खराब भएर गयो । गरीबीका कारणले उनको बुबा आमाले उनलाई अस्पताल लग्न सकेका थिएनन् । बिगत आठ बर्षदेखि उनलाई बाँधेर एउटा कोठामा राख्ने गरेका रहेछन् । एकजना स्थानीय अधिकृतले यसको जानकारी पाएपछि उनलाई बाँधेको खोलेर एकद्वार संकट व्यवस्थापन केन्द्रमा उपचारका लागि लिएर आए ।

त्यहाँ औषधी उपचार गरेपछि उनलाई सुरक्षित आवास गृहमा सारियो र त्यहाँ उनी झण्डै २ महिनासम्म बसिन् । सुरक्षित आवास गृहका कर्मचारी र एकद्वार संकट ब्यबस्थापन केन्द्रका नर्सको सहायतामा एउटा गैर सरकारी सँस्थाको समन्वयमा उनलाई त्यहाँ थप उपचार र पुनर्स्थापनाका लागि पठाइयो । त्यस सँस्थामा करिब ४ महिना बसेपछि उनको मानसिक स्थितिमा सुधार हुँदै आयो र उनको स्वास्थ्य अबस्थामा पनि धेरै सुधार आयो । त्यसपछि उनलाई उनका बाबुआमाको जिम्मा लगाइयो र अहिले उनी आफ्ना बाबुआमासँग खुसीसँग जीवन बिताइरहेकी छिन् ।

**घटना २६**

पीडित १४ बर्षकी मानसिक अशक्तता भएकी किशोरी हुन् । उनी आफ्ना आमाबुबा र दुई दिदीहरुसँग बस्छिन् । उनकी आमाले उनलाई उपचारका लागि एकद्वार संकट ब्यवस्थापन केन्द्रमा पुऱ्याएकी थिइन् । आमाको भनाईअनुसार एक जना दाजु नाता पर्ने ब्यक्तिले उनलाई यौन शोषण गर्ने गरेको बताइन् । मानसिक स्थिति ठिक नभएका कारण किशोरीले आफूमाथि के भइरहेको छ भन्ने थाहा पाउँदैनथिइन् । किशोरीको महिनावारी सुरु नहुन्जेल त केही समस्या थिएन तर महिनावारी हुन थालेपछि चाहिँ आमालाई पिर लागेर गर्भ निरोधक सुई लगाइदिनकै लागि भए पनि उनले छोरीलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा ल्याएकी रहिछिन् । उनकी आमाले आफ्नी छोरीमाथि यौनहिंसा भइरहेको थाहा पाउँदा पाउँदै पनि त्यसलाई रोक्न केही गर्न सकिरहेकी थिइनन् । एकद्वार संकट ब्यवस्थापन केन्द्रमा आएपछि दुई जना डाक्टर र नर्स मिलेर पीडितको सम्पूर्ण स्वास्थ्य परीक्षण गरे । ढाड र घाँटीमा छाला खोस्रेर घाउ भएको दाग देखियो भने तिघ्रामा पनि निल डामहरु भेटिए साथै उनको पाठेघरको झिल्ली थिएन । उनीहरुले अरु थप परीक्षणहरु पनि गरे भने आमालाई एकद्वार संकट ब्यवस्थापन केन्द्रको कार्यक्षेत्र र सेवाका बारेमा बिस्तृत जानकारी पनि गराए । आमालाई पनि मनोसामाजिक परामर्श दिए । एकद्वार संकट ब्यवस्थापन केन्द्रले किशोरीलाई घर नपठाउने निर्णय गऱ्यो र गर्भ निरोधक सुई पनि दिएन । बरु घटना व्यवस्थापन समितिको बैठकको निर्णयबाट अगाडि बढ्न एउटा बैठकको आयोजना गरियो । बैठकले किशोरीको जिम्मेवारी महिला तथा बालबालिका कार्यालयलाई दिने निर्णय गऱ्यो । महिला तथा बालबालिका

कार्यालयले उनलाई सुरक्षा र पुनर्स्थापनाको निम्ति एक गैर सरकारी संस्थामा पठाए जहाँबाट केही महिनापछि उनलाई फेरि अर्को संस्थामा थप उपचारका निम्ति पठाइयो । उनी अझै दोस्रो संस्थामा नै बसिरहेकी छिन् ।

**घटना २७**

पीडित एक २५/२६ बर्षकी बेसहारा र मानसिक सन्तुलन गुमाएकी महिला हुन् । उनी कुनै एक नगरपालिकाको सडकमा बासी, सडेगलेको खाना खाँदै बस्दै आएकी थिइन् । उनी कहाँबाट आएकी हुन् कसैलाई थाहा थिएन । कसैले “उनी फलाना गाउँबाट आएकी हुन् । उनलाई आफ्नो श्रीमान्ले कुटपिट गरी घरबाट निकालेपछि मानसिक स्थिति खलबलिएर उनी त्यहाँ आएकी हुन्” पनि भन्थे । त्यस्तै त्यस सडकमा अर्को मानसिक सन्तुलन गुमाएका पुरुष पनि बस्ने गर्थे । भुइँचालोमा आफ्नो घर र अरु सबै गुमाएपछि मानसिक स्थिति खलबलिएर उनी पनि त्यसरी सडकमा आइपुगेका थिए । उनीहरु दुईजनाको सडकमा नै भेट भएको थियो । त्यस पुरुषले भुइँचालोको राहत बराबरको ५०००० (पचास हजार) रुपैयाँ घर बनाउन पहिलो किस्ता पाएपछि त्यसैले नयाँ कपडाहरु किनी उनीहरु श्रीमान् श्रीमती जस्तै सँगै बस्न थालेका थिए ।

समय बित्दै गएपछि उनी गर्भवती पनि भइन् । बच्चा पाउने व्यथा लाग्न थालेपछि मानिसहरुले उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा प्रशुतीको लागि लिएर आए । सुत्केरी हुन गाह्रो भएकोले उनको पेट चिरी शिशुलाई निकालियो । उनले छोरी जन्माइन् । त्यहाँका कर्मचारीहरुले आमा र बच्चा दुबैको राम्रो स्याहार गरे भने औषधी उपचार, आमा र शिशु दुबैलाई खाना, कपडा पनि निशुल्क नै गरिदिए । उनीहरु एक हप्ता त्यहीँ नै बसे तर उनीहरुको घर नभएको कारण उपचारपछि कहाँ पठाउने भन्ने निर्णय गर्न घटना व्यवस्थापन समितिको बैठक बस्यो र उक्त बैठकबाट उनीहरुलाई युनिसेफको सहयोगमा संचालित सुरक्षित आवास गृहमा पठाउने निर्णय गरियो । श्रीमान श्रीमती दुबैको मानसिक स्थिति ठिक नभएका कारण उनीहरु शिशुको स्याहार सुसार गर्न सक्दैनथे । फेरि जिल्ला विकास समितिको बैठकले आमा र शिशुलाई मानसिक रोगको उपचार गर्ने एक गैर सरकारी संस्थामा पठाउने निर्णय गऱ्यो । एकद्वार संकट व्यवस्थापन केन्द्रले ती आमा र शिशुको उपचारको खर्च प्रेषण कोषको बजेटबाट गर्ने गरी उनीहरुलाई ६ महिनासम्म त्यस गैरसरकारी संस्थामा राखेर उपचार गर्नका लागि त्यहाँ पठायो र उपचारपछि उनको मानसिक स्थितिमा केही सुधार आएकाले उनी फेरि नगरपालिकामा नै फर्किइन् । त्यस बेलासम्म अर्को एक गैरसरकारी संस्थामार्फत उपचार पाएर उनको श्रीमान्को पनि मानसिक स्थितिमा सुधार हुन थाल्यो । नगरपालिका र अन्य अरु संस्थाले उनीहरुलाई घर बनाइदिन मद्दत गरे । एकद्वार संकट व्यवस्थापन केन्द्र, गैर सरकारी र सरकारी कार्यालयहरु मिलेर उनीहरुलाई लुगा, भाँडाकुँडा र अरु आवस्यक सामानहरु किन्न पनि सहयोग गरे । नगरपालिकाले उनीहरुलाई औषधीहरु पनि निशुल्क उपलब्ध गराइदिन सहयोग गरिदियो । उनीहरुको आय आर्जनका उपायहरुको खोजी गरी उनीहरुलाई आत्मनिर्भर बनाउनेबारे छलफल गर्न जिल्ला विकास समितिको बैठक बस्यो । सोही बैठकबाट एकद्वार संकट व्यवस्थापन केन्द्रको पुनर्स्थापना कोषबाट खर्च गर्ने गरी उनीहरुलाई कुखुरापालन गर्न सहयोग गर्ने निर्णय भयो । त्यसपछि उनीहरुले कुखुरापालनबाट आय आर्जन गरी

आफ्नी छोरीसँग सुखसँग बसेका छन् । शिशुको खोप र सुईको निम्ति उनीहरु नियमित रुपमा एकद्वार संकट व्यवस्थापन केन्द्रमा आउँछन् र केही परेमा प्राथमिक स्वास्थ्य केन्द्रमा पनि आउने गरेका छन् । एकद्वार संकट व्यवस्थापन केन्द्रको सहयोगमा प्राथमिक स्वास्थ्य केन्द्रले अरु पनि दुःखी असहायहरुलाई यस्तो सहयोग गर्ने मौका पाएको छ ।

**घटना २८**

पीडित एक २४ बर्षकी महिला हुन् । सानै उमेरमा बुबा आमाले रोजेको उनीभन्दा १६ बर्ष जेठो पुरुषसँग उनको बिबाह भएको थियो । परिवारमा उनी दुई बहिनीहरुमा जेठी हुन् । उनले बिबाह गरेको परिवारमा उनको श्रीमान् लगायत सासु, ससुरा र श्रीमान्का दुई बहिनीहरु थिए । बिबाह गरेको दश बर्ष बितिसक्दा अहिले उनका ३ छोराहरु छन् ।

उनको सम्बन्ध श्रीमान्सँग राम्रै थियो । सानोतिनो मौखिक झगडा त हुन्थ्यो नै तर पहिलो बच्चा भएपछि चाहीँ सम्बन्ध बिग्रिन थाल्यो र उनलाई श्रीमान्ले कुटपिट पनि गर्न थाले । सधैँ रक्सी खाएर घर आउने अनि झगडा शुरु गर्ने, हातमा जे भेट्यो त्यसैले हिर्काउने गर्न थाले । श्रीमती जोसँग बोलेको देख्यो उसैसँग शारीरिक सम्पर्क गरेको शंका गरी दोष लगाउन थाले । उनले ससुराबाट पनि यौन दुर्व्यवहार भोग्नु पऱ्यो । उनी भन्छिन् “मेरो श्रीमान् नभएको मौका छोपेर ससुरा राति मेरो ओछ्यानमा आउनुहुन्थ्यो र वहाँले यौन हिंसाको  प्रयास २-३ पटकसम्म गर्नुभयो तर म उहाँसँग झगडा गरी आफूलाई छुन दिँदैनथिएँ ।”

यसबारेमा सासु र श्रीमान् दुबैलाई भन्न खोज्दा उल्टै ससुराको बद्नाम गर्न खोजेको भन्दै मेरो कुरा पत्याएनन् । यसै कारण उनले सासु ससुराबाट छुट्टिएर आफ्नो अंश लिएर छुट्टै एउटा घर बनाएर बस्न थालिन् । तर यसो गरेपनि श्रीमान्को व्यवहारमा कुनै परिवर्तन आएन । सधैँ रक्सी खाएर राति घर आउने, झै झगडा गर्ने र जुनसुकै समयमा पनि जबरजस्ती शारीरिक सम्पर्क गर्न बाध्य पार्ने गर्थे । महिनावारी भएको समय होस् वा भर्खरै सुत्केरी भएको बेला जुनसुकै बेला पनि जबरजस्ती यौन सम्पर्क गर्ने गर्थे । उनी धेरै समयदेखि बैबाहिक बलात्कारको शिकार हुँदै आएकी थिईन् । उनका छरछिमेकीले उनीप्रति सहानुभूति देखाउँदै श्रीमान् बिरुद्ध उजुरी दायर गर्न वा छाडेर माइत जान सुझाब दिनथाले । तर उनी माइत फर्किने कुरा बिचार गर्न पनि सक्दिन थिइन् । पहिले पनि यस्तै झगडा हुँदा उनी एकचोटी माइत गएकी थिइन् तर एक महिना बितेपछि उनका आमा बुबाले फेरि श्रीमानकोमा नै पठाइदिए । उनी माइतबाट घर फर्केकै दिन उनका श्रीमान राति रक्सीले मातेर घर आए । उनी बेलुकीको खाना पकाउन कसौडी लिएर आउँदै थिइन् उनका श्रीमान्ले त्यही कसौंडी खोसेर कुट्न थाले । उनलाई टाउकोदेखि जीउसम्म रगताम्य हुने गरेर पिटे र केही छिनमा छरछिमेकी र आफन्तहरु आएर उनलाई छुट्याए । यो घटना रातको ८ बजेतिर भएको थियो । उनका काका काकीले उनलाई घर छोडी भागेर जान सल्लाह दिए । उनी रगत बग्दाबग्दै अर्धचेत अवस्थामा अस्पताल जान खोज्दै थिईन् तर बेहोस भएर लडिन् । छरछिमेकीले उनका दाइलाई फोन गरेर सबै बताइदिए । उनका दाइ तुरुन्त आएर उनलाई अस्पताल पुऱ्याए ।

अस्पतालको आकस्मिक विभागमा प्राथमिक उपचार गरेर उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा सारियो । उनको टाउकोबाट रगत बगिरहेको थियो भने शरीरका अन्य भागहरुमा पनि चोट लागेको थियो । उनलाई एक हप्तासम्म त्यहीँ नै राखियो र उनको निशुल्क उपचार र खानाको व्यवस्था गरियो । पटक पटक गरी धेरै चोटी उनलाई मनोमासाजिक परामर्श पनि दिइयो ।

प्रहरी पक्रन आउँछ भन्ने डरले श्रीमान् घरबाट भागेछ । तर घटना भएको ११ औं दिनमा प्रहरीले उसलाई पक्रेर ल्यायो । ऊ आफ्नो दिदीको घरमा लुकेर बसेको रहेछ । उसलाई पुलिसले २ दिन थुनेर छोडिदियो । उसले पुलिस र एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीका अगाडि अब कहिल्यै श्रीमतीलाई नकुट्ने कसम खायो । प्रहरीले उनीहरु बसेको ठाउँतिर नियमित गस्ती गरी निगरानी गर्दै आएको छ र एकद्वार संकट व्यवस्थापन केन्द्रले उनीसँग बारम्बार सम्पर्क गरिरहेको छ ।

## घटना २९

पीडित ३० बर्षकी महिला हुन् । उनी सानै छँदा उनका आमा बुबाको मृत्यु भएको थियो । उनी आफ्ना काका काकीसँग बस्दै आएकी थिईन् । उनी तेह्र बर्षकै उमेरमा गाउँकै एक पुरुषसँग भागेर प्रेम बिबाह गरेकी थिईन् र अहिले बिबाह गरेको पनि १७ बर्ष भइसकेको छ । अहिले उनका दुई छोरा र दुई छोरीहरु छन् । बिबाह भएको केही समयसम्म उनीहरु सासु ससुराबाट बेग्लै बसे । श्रीमान्को किराना पसल थियो । श्रीमान्ले रक्सी खाने गरेको भए पनि खासै ठूलो झैझगडा हुँदैन थियो । तेस्रो बच्चा जन्मेपछि श्रीमानले कुटपिट पनि गर्न थाले र पछि त्यो नियमित जस्तै बन्न थाल्यो । धेरै पटक उनका सासु ससुरा र छरछिमेकीले आएर झगडा छुट्याउन खोज्दा श्रीमाने उल्टै उनीहरुलाई नै पिटेर पठाउने गर्थे । सबैजना उसँग डराउँथे ।

केही महिना अघि एउटा ठूलो घटना घट्यो । उनले भनिन् "उसले मेरो हात र खुट्टा बाँध्यो र पेटीले कुट्न थाल्यो । म गम्भीर घाइते भएँ । मेरो टाउको र जीउभरी घाउचोट लागेको थियो । मेरो आँखामा पनि चोट लागेको थियो । त्यसपछि म भागेर मेरो दिदी पर्नेको घरमा गएँ । त्यहीँबाट मैले ऊ माथि मुद्दा दायर गर्ने सोच बनाएँ । म दिदीको छोरीसँग प्रहरी चौकी गएँ र हामीले प्रहरी कार्यालयमा उजुरी दर्ता गऱ्यौं । त्यस पश्चात मलाई अञ्चल अस्पतालस्थित एकद्वार संकट व्यवस्थापन केन्द्रमा उपचारको लागि लिएर आए ।"

उनलाई अस्पतालको आकस्मिक सेवामा ल्याइएको थियो । प्रारम्भिक उपचारपछि उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा पठाईयो जहाँ उनको सम्पूर्ण स्वास्थ्य परीक्षण गरियो । उनी नराम्रोसँग घाइते भएकी रहिछिन् । उनको घाउहरु सफा गरेर मलमपट्टी लगाइयो । गर्नुपर्ने थप परीक्षणहरु पनि गरियो । सबै औषधी उपचार निशुल्क नै गरियो । पैंतालिस दिनसम्म बस्न मिल्ने महिला तथा बालबालिका कार्यालयले चलाएको सुरक्षित आवास गृहको बारेमा पनि त्यहाँका कर्मचारीहरुले उनलाई बताइदिए । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रका सेवाहरुको बारेमा पनि जानकारी गराई, आवश्यक परेको बेलामा जुनसुकै समयमा पनि सहयोगका लागि आउन सुझाब पनि दिए ।

उपचार सकिएपछि फेरि उनी दिदी पर्नेकोमा नै फर्किइन् । केही दिनपछि उनका श्रीमान आई उनलाई घर फर्कन आग्रह गरे । अब कहिल्यै कुटपिट नगर्ने र राम्रो व्यबहार गर्ने कसम खाएपछि उनी घर फर्कन राजी भईन् तर फर्केको केही दिनमा नै श्रीमानको उही पुरानै व्यवहार सुरु भयो । कहीँ जाने ठाउँ नभएकोले श्रीमान्सँगै बस्नु पर्ने बाध्यता भएको उनी बताउँछिन् । उनलाई लाग्छ कि उनी त्यहाँबाट निस्किइन् भने उनका बच्चाहरु अप्ठ्यारोमा पर्छन् । उनलाई पटक पटक मनोसामाजिक परामर्श र सहयोगको विश्वास दिलाइए पनि उनी फेरि श्रीमान् बिरुद्ध मुद्दा दायर गर्न तयार छैनन् ।

## घटना ३०

पीडित २७ बर्षीया बिबाहित महिला हुन् । उनी आफ्नो सासु ससुरा श्रीमान् र दुई छोरा, छोरीसँग संयुक्त परिवारमा बस्छिन् ।

टाउको दुख्ने, रिङ्गटा लाग्ने, खान मन नलाग्ने र निद्रा नपर्ने जस्ता व्यथाका कारण अस्पतालको बहिरंग सेवामा उनी उपचारका लागि आएकी थिईन् । महिला हिंसाको घटनाको शङ्का लागेर डाक्टरहरुले उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा पठाए । त्यहाँ आएर पनि उनले केही भन्न चाहिनन् तर त्यहाँका नर्स र परामर्शदाताले उनलाई पटक पटक मनोसामाजिक परामर्श गरी उनको कुराको गोपनियता र सुरक्षाप्रति आस्वस्त बनाएपछि मात्र बल्ल अलि सहज महशुस गर्न थालिन् र आफ्नो कुरा खोलिन् ।

उनको भनाईअनुसार बिगत ६ महिना देखि उनका श्रीमान्ले उनलाई अनपढ, नराम्री, आफूलाई सुहाउँदो नभएको भन्दै यातना दिँदै आएको रहेछ । हरेक रात यसरी यातना दिँदै, उनलाई कुट्ने अनि जबरजस्ती गरी बलात्कार गर्दै आएको रहेछ । उसले “तलाइँ छोडेर म तरुनी केटीलाई बिहे गर्छु” भनी धम्काउदो रहेछ । यति भनेर उनी रुन थालिन् र भनिन् “मैले मेरो बच्चालाई विद्यालय पठाउन पाएको छैन । घरमा पनि केही दिँदैन । हाम्रो बिबाह दर्ता गर्न पनि मान्दैन र मेरो नागरिकता बनाइदिन पनि मान्दैन । वडामा गएर बच्चाहरुको जन्म दर्ता पनि गर्न मान्दैन ।” उनलाई श्रीमान्ले दोश्रो बिबाह गरेको खण्डमा आफू र बच्चाहरुको भविष्य के होला भन्ने निकै चिन्ता लाग्दो रहेछ । त्यस्तो खण्डमा आफूले न्याय पाउँन सक्दिनकी भन्ने पनि निकै डर रहेछ । उनी अहिले दाउरा र दूध बेचेर आफ्नो जीविकोपार्जन गरिरहेकी छिन् ।

एकद्वार संकट ब्यवस्थापन केन्द्रमा डाक्टरहरुले उनको सम्पूर्ण स्वास्थ्य परीक्षणहरु गरे । रिङ्गटा लाग्ने र खाना मन नलाग्ने व्यथाको सामान्य औषधी दिए । उनलाई धेरै पटक मनोसामाजिक परामर्श पनि दिए । त्यहाँका कर्मचारीले उनको श्रीमान्लाई पनि बोलाएर परामर्श गरे । पटक पटकको परामर्श पछि आफ्नो बिबाह दर्ता गर्न, श्रीमतीको नागरिकता बनाइदिन र बच्चाहरुको जन्म दर्ता गराउन उनी राजी भए । केही दिनपछि एकद्वार संकट ब्यवस्थापन केन्द्रमा आएर बिबाह दर्ता र नागरिकता दुबै देखाए । बहुबिबाहका परिणामबारे पनि एकद्वार संकट ब्यवस्थापन केन्द्रका कर्मचारीले उसलाई बताइदिए । उनले आफ्नो गल्ती स्वीकार गर्दै फेरि कहिल्यै अर्को बिबाह नगर्ने आश्वासन दिए ।

उनीहरुको बच्चालाई विद्यालय भर्ना गर्न पनि एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीले मद्दत गरे । एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीसँग उनी प्रधानाध्यापकहरुलाई भेट्न गई छोरालाई निजी र छोरीलाई सरकारी विद्यालयमा भर्ना गरिदिइन् । दुबै विद्यालयहरुले बच्चाबच्चीलाई छात्रवृत्ति दिने निर्णय गरे । श्रीमान् र श्रीमती दुबैजना एक चोटी फर्केर एकद्वार संकट व्यवस्थापन केन्द्रमा आएर मद्दतका लागि धन्यवाद दिए । अहिले दुबैजना आफू जहाँ भएपनि एकद्वार संकट व्यवस्थापन केन्द्रको कामको प्रचार प्रसार गर्दै हिँड्ने गरेका छन् ।

**घटना ३१**

पीडित निम्न वर्गीय परिवारकी १७ बर्षकी किशोरी हुन् । संयुक्त परिवारमा उनी आफ्नो बुबा, आमा, दाजु, भाउजू र भदा भदैहरुसँग बस्दै आएकी छिन् । दाजु र बुबा चाहिँ सरकारी कार्यालयमा कार्यरत छन् । आमा र भाउजूले घर हेर्ने काम गर्छन् । एक मात्र छोरी भएकोले उनी सबैको मायाले असाध्यै पुलपुलिएकी थिइन् ।

सुरुमा पीडितलाई प्रहरीले एकद्वार संकट व्यवस्थापन केन्द्रमा लिएर आउँदा उनी एकदमै डराएकी, पिरले सँधै रोइरहने गर्थिन् । त्यति बेला उनको अरुसँग खुलेर बोल्नसक्ने अवस्था थिएन । एकद्वार संकट व्यवस्थापन केन्द्रकी परामर्शदाता दिदीले उनलाई फकाएर सहज वातावरण बनाई मनोसामाजिक परामर्श दिएपछि मात्र उनी बल्ल खुलेर कुरा गर्न थालिन् । उनको भनाईअनुसार २/३ महिना अघि उनकी भाउजुको भाइले उनी एक्लै भएको बेला उनलाई बलात्कार गऱ्यो । उनलाई कोठामा बोलाएर ढोकामा चुकुल लगाई उनीसँग जबरजस्ती यौन सम्बन्ध राख्यो । त्यसपछि पनि उनी एक्लै भएको मौका छोपेर उनीसँग शारीरिक सम्बन्ध राख्ने गर्थ्यो । केही महिनापछि उनको महिनावारी रोकियो । एकदिन यसै गरी यौन सम्पर्क गरिरहँदा उनकी आमाले देखिन् र प्रहरी कहाँ उजुरी दिईन् ।

एकद्वार संकट व्यवस्थापन केन्द्रमा आएर जाँच गराउँदा उनी १४ हप्ताको गर्भवती भएको थाहा भयो । परिवारले शिशु राख्न चाहेनन् र गर्भपतन गर्न चाहे । तर जिल्ला अस्पतालमा यति ढिला अवस्थामा गर्भपतन गर्न तालिम प्राप्त स्वास्थ्य अधिकृत नभएकोले घटना व्यवस्थापन समितिले उनलाई गर्भपतनका लागि अर्को अस्पतालमा पठाउने निर्णय गऱ्यो । एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीले अर्को अस्पतालसँग समन्वय गरेर उनलाई अर्को अस्पतालमा पठाइदिए । गर्भपतनपछि त्यो परिवार एकद्वार संकट व्यवस्थापन केन्द्रमा पुनः आएर उनीहरुलाई मद्दत गरेकोमा धन्यवाद दिए । अभियुक्त माथि अदालतमा मुद्दा चलिरहेको छ र उनीहरु फैसलाको पर्खाइमा छन् । किशोरी अहिले राम्रो स्थितिमा छिन् र कलेजमा पढ्न थालेकी छिन् ।

**घटना ३२**

पीडित महिला आफ्नो श्रीमान् र दुई बच्चा, एक छोरा र छोरीसँग बस्दै आएकी छिन् । खेती र गाईबस्तुपालन नै उनीहरुको आय आर्जनको मुख्य श्रोत हो । उनको भनाईअनुसार "म र मेरो परिवार खुशीसँग जिन्दगी बिताइरहेका थियौं । तर गाउँलेहरु भने सँधै मेरो बारेमा हुँदै नभएको

कुराको दोष  लगाइरहन्थे । गाउँलेहरुको गाईबस्तु र शिशु र बालबलिकालाई मैले टुनामुना गरेर बिगारी बिमारी बनाइदिन्छु भनेर मेरो पछाडि कुरा गरिरहन्थे । घटना भएको दिन म सँधै जस्तो मेरो बालबच्चालाई पकाइवरी बिहानको खाना ख्वाएर गाईबस्तु चराउन ठिक पर्देथिएँ । एक्कासी एक हुल गाउँलेहरु मेरो घरमा छिरेर सामानहरु तोडफोड गर्न थाले । अनि मलाई पनि समातेर कुट्न थाले । मुख र जीउभरी कालो मोसो दलिदिएर जुत्ताको माला लगाइदिए । मेरो कपाल खौरिदिए र मलाई बोक्सी बोक्सी भन्दै २ घण्टासम्म गाउँ डुलाएर घर फर्काइदिई मार्ने धम्की दिएर गए ।"

उक्त घटनाको बारेमा सुनेपछि महिला तथा बालबालिका कार्यालयको समन्वयमा जिल्ला प्रहरीका प्रतिनिधिहरु उनको घरमा पुगे । उनलाई आबस्यक सहयोगको आश्वासन दिएर अपराधीहरुलाई छिटै पत्ता लगाउने र कानुन अनुरुप कारवाही गर्ने बचन पनि दिए । त्यसपछि उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा आवश्यक औषधी र उपचारका लागि पठाइयो । त्यहाँ आएपछि डाक्टरहरुले नर्सको सहयोगमा सम्पूर्ण स्वास्थ्य परीक्षणहरु गरे । गाउँलेहरुको डरले उनी रोइरहेकी थिईन् । गाउँलेहरु आएर उनलाई त्यहीँ मार्नेछन् भन्ने डरले उनी काँपिरहेकी थिईन् । उनी गाउँलेहरुको कुटाईको कारण बस्न पनि नसक्ने स्थितिमा थिइन् । त्यहाँकी नर्सको पटक पटकको मनोसामाजिक परामर्श सेवा र स्याहारले उनको अवस्थामा अलि सुधार आयो । उपचारपछि उनलाई सुरक्षित आवास गृहमा पठाइयो । त्यहाँ उनी १५ दिनसम्म बसिन् । एकद्वार संकट व्यवस्थापन केन्द्रकी नर्सले दिनहुँ उनलाई मनोसामाजिक परामर्श सेवा दिनुका साथै आवश्यक औषधी र उपचार पनि गरिदिन्थिन् ।

प्रहरीले अपराधीहरुलाई पक्रेर थुनामा राख्यो । महिला तथा बालबालिका कार्यालय, प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरेर एकद्वार संकट व्यवस्थापन केन्द्रले उनलाई उनकै समाज र गाउँमा पुनर्स्थापना गर्न सामाजिक अभियान चलायो । उनलाई आफ्नो गाउँमा पुनर्स्थापना त गराईयो तर पनि गाउँलेहरुको उनीप्रतिको व्यवहार फेरिएन । गाउँलेहरुले उनीसँग बोलचाल बन्द गरे भने मौखिक दुर्व्यवहार गर्न पनि छाडेनन् र गाउँका सबै सामाजिक कार्यक्रमहरुमा उनलाई बहिष्कार गरे । यी कारणहरुले उनलाई मानसिक तनाब हुन थाल्यो । उनी मनोसामाजिक परामर्शका लागि नियमितरुपमा एकद्वार संकट व्यवस्थापन केन्द्रमा  आउँथिन् । त्यहाँकी नर्सले दिनहुँ जस्तै उनलाई मनोसामाजिक परामर्श गर्थिन् । दुबै सरकारी र गैर सरकारी कार्यालयहरुको प्रयासले त्यस गाउँमा बोक्सी प्रथा जस्ता सामाजिक कुप्रथा र अन्धविश्वास हटाउन धेरै हदसम्म मद्दत गऱ्यो र उनलाई केही हदसम्म गाउँलेहरुले स्वीकार्न थाले । उनका बालबच्चालाई किताब, लुगा र जुत्ताको सहयोग दिएर उनीहरुलाई विद्यालय जान पनि एकद्वार संकट व्यवस्थापन केन्द्रले नै मद्दत गऱ्यो । त्यस्तै पीडित महिलाको आय आर्जनमा लाग्ने चाहना भएकोले उनलाई यस कार्यमा सहयोग पुऱ्याउन एकद्वार संकट व्यवस्थापन केन्द्रले जिल्लाका अन्य कार्यालयहरुसँग समन्वय गरी १ लाख असी हजार रुपैयाँ मूल्य बराबरको एउटा हाते ट्रयाक्टर किन्न आर्थिक सहयोग उपलब्ध गरायो । यसरी आएको सहयोगबाट उनको आयस्तरमा सुधार भएकोले गाउँमा उनको बेग्लै मान र प्रतिष्ठा स्थापना भएको छ । उनी अहिले गाउँमा मर्यादित जीवन बिताइरहेकी छिन् । उनी पटक पटक एकद्वार संकट व्यवस्थापन केन्द्रको सम्पर्कमा पनि आउँछिन् ।

साथै गाउँ समाजमा हुने महिला हिंसा सम्बन्धी कार्यक्रमहरुमा सम्मिलित भई गाउँको सामाजिक अभियानकर्ता बनेकी छिन् ।

**घटना ३३**

पीडित २३ बर्षीया बिबाहित महिला हुन् । उनका एउटी ४ बर्ष र अर्को ५ महिनाकी दुई वटी छोरीहरु छन् । उनी सानै छँदा उनको बिबाह भएको थियो । उनी मजदुरी गरी आफू र परिवारको जीविकोपार्जन गर्छिन् । उनको श्रीमान् दिनभर साथी भाइहरुसँग रल्लिएर समय बिताउँथ्यो र साँझमा रक्सी पिएर आएर उनलाई कुटपीट गर्ने र जबरजस्ती यौन सम्पर्क गर्ने गर्थ्यो । उसले जबरजस्ती गर्न कुनै दिन छोडेन, महिनावारी हुँदा देखि गर्भवती, सुत्केरीको अवस्था जुनकुनै बेला पनि यौन सम्पर्क गर्न बाध्य बनाउँथ्यो । उसले उनलाई सबै बच्चाहरुकै अगाडि बिभिन्न ढङ्गबाट यौन सम्पर्क गर्न बाध्य पार्थ्यो । यसबारे बाहिर कसैलाई नसुनाउनु भनी श्रीमान्ले धम्की पनि दिने गर्थ्यो । उनी डरले यस्तो कुरा कसैलाई भन्न पनि सक्दैनथिइन् । यस्तो दिनहुँको यातना भोग्न नसकेर उनी माइत गए पनि श्रीमान् त्यही आएर सताउन थाल्थ्यो । उनी केही महिना माइतमा बसेपछि अब देखि कहिल्यै उनलाई दुःख नदिने बाचा गरेर उसले घर फर्कन आग्रह गरेर घर आएको ४, ५ दिन त राम्रैसँग दिन बित्यो तर त्यसपछि फेरि उसको ब्यबहार पहिले झै भएर गयो । उनको भनाईअनुसार “घट्ना भएको त्यस रात ऊ अबेर घर आयो । रातभरको जबरजस्ती यौन सम्पर्कपछि बिहानपख श्रीमान्ले मेरो योनाङ्गमा जबरजस्ती हात हाल्यो । यसपछि मलाई याद छैन् ।” उनी बेहोश भइछन् र त्यस्तो अवस्थामा श्रीमान् उनलाई छोडेर भागेछ । जब उनको होश आयो उनको रगत बगिरहेको थियो । उनी उठेर शौचालयसम्म पनि जानसक्ने अवस्थासम्म थिएन । उनले आफ्ना बुबाआमालाई फोन गरिन् र वहाँहरुले उनलाई जिल्ला अस्पताल लग्नुभयो ।

अस्पतालको आकस्मिक विभागले उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा पठाइदियो र त्यहाँबाट उनलाई सुरक्षित आवास गृहमा पठाइदियो । उनी त्यहाँ ३ महिनासम्म बसिन् । एकद्वार संकट ब्यवस्थापन केन्द्रको सहयोगमा सुरक्षित आवास गृहको संयोजकले उनका सासु ससुरालाई बोलाई उनीहरुलाई आवस्यक परामर्श पनि दिए । उनको श्रीमान्लाई पनि पटक पटक गरी मनोसामाजिक परामर्श गरियो । त्यसपछि उनका सासु ससुराको उनीप्रतिको व्यवहार फेरियो र उनकी जेठी बुहारीलाई आफैसँग राख्न लिएर गए । उनका श्रीमान्ले उनको नागरिकता बनाईदिए र उनीहरुको बिबाह पनि वडा कार्यालयमा दर्ता गराए । उनी फेरि श्रीमान्सँग घर फर्किन् । तर उनको श्रीमान्को व्यवहार फेरि पहिला जस्तै हुन समय लागेन । फेरि उनलाई यातना दिन सुरु गऱ्यो । उनी घर छोडी भागेर एकद्वार संकट ब्यवस्थापन केन्द्र गइन् । अब श्रीमान् बिरुद्ध मुद्दा हाल्न उनी तयार छिन् । एकद्वार संकट ब्यवस्थापन केन्द्रमा बसे पनि अस्पतालको सञ्चालक समितिले उनलाई सरसफाई गर्ने काममा नोकरी दियो जसको कारण उनी आफ्नै कमाईबाट आफू र आफ्नो बच्चालाई पाल्न सक्ने भएकी छिन् ।

**घटना ३४**

पीडित २० बर्षीया महिला हुन् । उनी आफ्ना बुबा आमा र बहिनीसँग बस्छिन् । सानै उमेरमा बिबाह भएपछि उनी श्रीमान्सँग भारत गइन् । सासु ससुराको व्यवहार उनीप्रति राम्रो थिएन, घरको काम सबै उनैले नै गर्नुपर्थ्यो । राति श्रीमान् नहुँदा ससुरा उनी सुतेको कोठामा आउने गर्थे । श्रीमान्लाई धेरै चोटी यसबारेमा भने पनि उनले खासै वास्ता गरेनन् ।

एकदिन घरमा एक्लै बसिरहेको बेला एउटा छिमेकी व्यक्ति आएर उनलाई जबरजस्ती बलात्कार गऱ्यो । उनले प्रहरीमा गएर यसबारेमा उजुरी गरिन् । तर पछि श्रीमान्ले उनलाई त्यो उजुरी फिर्ता लिन लगाए । उनको श्रीमान्ले त्यस छिमकी व्यक्तिसँग पैसा लिएकोले उजुरी फिर्ता गर्न लगाएको उनलाई शङ्का लागेको छ । त्यो घटनापछि उनीहरु नेपाल फर्किए । नेपाल आएपछि श्रीमानले उनलाई निर्घात कुटपिट गऱ्यो । उनी बेहोश भइन् र यस्तो अवस्था देखेर उनको श्रीमान् त्यहाँबाट भाग्यो । छिमेकीहरुले उनका बुबा आमालाई फोन गरेर यस घटनाको जानकारी दिए र उनीहरुले नै उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लिएर आए ।

उनी त्यहाँ पुग्दा उनी अर्धचेत  अवस्थामा थिइन् । उनको मानसिक अवस्था पनि असन्तुलित थियो । त्यहाँ उनको सबै औषधोपचार निःशुल्क रुपमा भयो । उनी एक हप्तासम्म त्यहीं नै बसिन् र त्यहाँ दिनहुँ उनलाई मनोसामाजिक परामर्श सेवा दिइयो । त्यसपछि उनलाई सुरक्षित आवास गृहमा सारियो । तीन महिना सुरक्षित आवास गृहमा बसेपछि उनले आफ्नो श्रीमान् बिरुद्ध मुद्दा दायर गरिन् तर अझै ऊ फरार नै छ । सीप सिकेर आयआर्जन गर्ने बिचार भएकोले एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षित आवास गृहको समन्वयमा एउटा गैरसरकारी संस्थामा उनलाई छ महिनाको सिलाई तालिममा पठाइयो । तालिम पश्चात उनलाई आफ्नै सिलाई पसल खोल्ने चाहना रहेको छ ।

**घटना ३५**

कोठा भाडामा लिएर बसेकी लैङ्गिक हिंसा पीडित २० बर्षकी १२ कक्षामा पढ्ने महिला हुन् । नजिकै बस्ने बैदेशिक रोजगारबाट भर्खर फर्केको एक पुरुषसँग उनको प्रेम सम्बन्ध भयो । उनले निजसँग बिबाह गरिन् र केही समयपछि श्रीमान् कामका लागि विदेश फर्किएपछि उनको जिन्दगीले नयाँ मोड लियो ।

बिबाह भएको केही समयमा नै उनको सासु ससुरासँगको सम्बन्ध बिग्रँदै गयो र श्रीमान्ले पनि उनलाई सम्पर्क गर्न छाडे । सासुससुराबाट भोग्दै आएको शारीरिक र मानसिक यातनाको कारण उनको जिन्दगी ज्यादै कष्टकर हुँदै गयो । सासुससुराले उनको बुबा आमालाई पनि धम्क्याउन थाले । श्रीमान घरमा नभएको र उनीसँग श्रीमानले सम्पर्क पनि नगरेको अबस्थाको उनीहरुले फाइदा उठाए । यसले गर्दा उनको स्वास्थ्यमा नकारात्मक असर पर्न थाल्यो । उनको खानामा रुची घट्न थाल्यो, निद्रा पनि कम लाग्न थाल्यो भने उनको मानसिक स्थिति पनि अस्थिर हुन थाल्यो र उनलाई आत्महत्याको सोच आउन थाल्यो । एकदिन उनी जङ्गलबाट घाँसपात गरेर फर्कदा बीचमै उनकी सासु आएर उनलाई गाली गलौज र कुटपिट गर्न थालिन् । यसबाट निराश भएर उनले मर्ने

विचार गरेर फेरि जङ्गलतिर नै फर्किन् । ठूलो रुख भेटेपछि झुण्डिएर मर्नका लागि डोरी मिलाउने क्रममा कसैले उनलाई देखेर घर फिर्ता लिएर गए । गाउँलेहरु घरमा भेला भएर उनले भोग्नु परेको अवस्थाबारे सल्लाह गरे ।

एक गाउँलेले उनलाई जिल्ला अस्पतालस्थित एकद्वार संकट व्यवस्थापन केन्द्रको बारेमा जानकारी गराएर उनलाई त्यहाँ लिएर गए । धेरै पटक उनलाई मनोसामाजिक परामर्श दिइयो । उनले आत्महत्या गर्न सक्ने प्रवल संभावनाको आशंकामा उनलाई सुरक्षित आवास गृहमा नै राखियो । झण्डै तीन हप्तासम्म उनलाई सुरक्षित आवास गृहमा राखी पटक पटक मनोसामाजिक परामर्श सेवा दिइयो । एकद्वार संकट व्यवस्थापन केन्द्रले उनलाई मानसिक रोग विशेषज्ञद्वारा औषधि उपचारको व्यवस्था मिलाइदियो । मानसिक रोग विशेषज्ञको उपचारले उनको जीवनप्रतिको सोच र बिचार बिस्तारै फेरिन थाल्यो । यसै समयमा उनकी सासु सुरक्षित आवास गृहमा उनलाई फिर्ता लिन आईन् । उनले अब फेरी दुर्व्यवहार नगर्ने र कुनै हानी नपुर्‍याउने बाचा गरिन् । त्यसैले पीडितलाई सासुसँग घर पठाइयो ।

केही समयपछि उनको अबस्था बुझ्न उनको घर गएकी एकद्वार संकट व्यवस्थापन केन्द्रकी नर्सले उनको घरमा उनको पहिलेको अवस्थामा एवम् ब्यबहारमा त्यति परिवर्तन नभएको बताइन् । सासु ससुराको व्यवहार पहिले जस्तै भएको र अब त ससुराले उनलाई नराम्रो किसिमले छुने, राति पलङ्गमा नै आइपुग्ने गरेको उनले बताइन् । सासुलाई यसबारे भन्दा उल्टै उनलाई दोष दिने गरेको पनि बताइन् । यस कारणले यस्तो झंझटबाट निस्कन उनले एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै फर्कने इच्छा भएको बताइन् । यी सबै कुरा सुनेपछि वडा कार्यालयको संयोजकत्वमा एकद्वार संकट व्यवस्थापन केन्द्रले गाउँका भद्रभलाद्मी, छिमेकी र उनको परिवार राखेर सल्लाह गर्न एउटा बैठक राख्यो र बैठकले उनका श्रीमान् बिदेशबाट नफर्केसम्म उनलाई माइत पठाउने निर्णय गर्‍यो । तर माइत बसे पनि सासुससुराको यातनामा कमी आएन । श्रीमान् बिदेशबाट फर्केर आएपछि पनि उनलाई घर नफर्कनु भनेपछि सहेर बस्ने कुरा भएन । उनकी आमाले एकद्वार संकट व्यवस्थापन केन्द्रमा फोन गरी उनकी छोरीलाई न्याय दिलाउन गुहारिन् । यस मुद्दाको समाधान खोज्न एकद्वार संकट व्यवस्थापन केन्द्रले मामिला व्यवस्थापन समितिको बैठक बोलायो र सो बैठकमा वडा प्रमुख, प्रहरी प्रतिनिधि, उनका बुबा र सासुलाई बोलाइयो । त्यस बैठकले उनका सासु ससुराले हरेक महिना उनलाई गुजारा गर्न निश्चित पैसा दिनुपर्ने निर्णय गर्‍यो ।

अहिले उनी आफ्नो पढाई सक्दैछिन् र एकद्वार संकट व्यवस्थापन केन्द्रमा नियमित मनोसामाजिक सेवा तथा अन्य परामर्श सेवाका लागि आउने गर्छिन् । सीप सिक्ने उनको इच्छा पुरा गर्न एकद्वार संकट व्यवस्थापन केन्द्रले गैरसरकारी सँस्थासँग समन्वय गरी तालिम उपलब्ध गराउने प्रयास गर्दैछ ।

**घटना ३६**

पीडित २१ बर्षीया अबिबाहित महिला हुन् । उनी आफ्ना बुबाआमा र एउटा भाइ र एउटी बहिनीसँग बस्छिन् । खेतीपाती र पशुपालन नै परिवारको मुख्य आयस्रोत हो । नजिकैको सरकारी विद्यालयमा उनी सात कक्षासम्म पढ्दैथिइन् तर अहिले बुबा आमालाई घर व्यवहारमा सघाउन आफ्नो पढाई छोडेकी छिन् । एक दिन उनी गाईबस्तु चराउन जङ्गलमा गएको बेला नजिकै गाउँकै एकजना पुरुष पनि आफ्नो गाईबस्तु लिएर आएको थियो । एक्लै देखेर उनलाई जबरजस्ती बलात्कार गरी कसैलाई नभन्नु भनी धम्क्याएर गएछ । डरले गर्दा उनले कसैलाई पनि भन्न सकेकी थिइनन् । तर समय बित्दै जाँदा उनको पेट ठूलो हुँदै आएपछि आमाले सोधपुछ गर्दा उनले सबैकुरा आमालाई बताइन् ।

आमाले प्रहरीमा उजुरी दिएपछि प्रहरीले पीडितलाई चिकित्साजन्य कानुनी परीक्षण र उपचारका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा पुऱ्यायो । निज अपराधीलाई पक्राउ गरी थुनामा राख्यो र ऊ बिरुद्ध बलात्कारको मुद्दा दर्ता गरायो । एकद्वार संकट व्यवस्थापन केन्द्रमा आएपछि दुई जना डाक्टर र नर्स मिलेर पीडितका सबै परीक्षणहरु गरे । रिपोर्टअनुसार उनी पाँच महिनाको गर्भवती भएको देखियो । पीडितलाई बच्चा राख्न मन नभएकोले गर्भपतन गर्ने निर्णय गरियो । तर जिल्लास्थित अस्पतालमा त्यस्तो सुविधा दिने विशेषज्ञ नभएकोले मामिला व्यवस्थापन समितिको बैठक बोलाइयो । बैठकले उनलाई गर्भपतन सेवाका लागि काठमाडौंको प्रसुती गृहमा पठाउने निर्णय गऱ्यो । एकद्वार संकट व्यवस्थापन केन्द्रले नै पीडित महिला र निजकी आमाको जान आउने खर्च तथा खाना खर्चको व्यवस्था मिलाइदियो । पीडितको काठमाडौंको प्रसुतीगृहमा गर्भपतन गरिएपछि उनी एकद्वार संकट व्यवस्थापन केन्द्रमा नै फर्किइन् । पीडितले बस्न सुरक्षित ठाउँ खोजेको कारण सुरक्षित आवास गृहको संयोजकत्वमा उनलाई त्यहीं बस्ने व्यवस्था मिलाइयो । त्यहाँ बसुन्जेल केही सीप सिक्ने रहर लागेर उनलाई ६ महिनाको सिलाई कटाईको तालिम दिइयो । तालिम पछि उनले आफ्नै पसल खोलेकी छिन् । आवस्यकता अनुसार सबै सहयोग गरेकोमा उनी एकद्वार संकट व्यवस्थापन केन्द्र प्रति धेरै कृतज्ञ छिन् । उनी बेला बखत एकद्वार संकट व्यवस्थापन केन्द्रका कर्मचारीहरुलाई भेट्न आउँछिन् । उनको मुद्दा जिल्ला अदालतमा चलि नै रहेकोछ भने अपराधी अझै थुनामा छ ।

**घटना ३७**

पीडित २५ बर्षकी बिबाहित महिला हुन् । उनी आफ्नो सासुससुरासँग बस्छिन् । उनको सानै उमेरमा बिबाह भएको र अहिले उनको ८ र ६ बर्षका एक छोरी र एक छोरा छन् । खेतीपाती र बस्तुपालन नै उनीहरुको आय आर्जनको मुख्य श्रोत थियो । उनका श्रीमान् दुई बर्षअघि बैदेशिक रोजगारीको निम्ति बाहिर गएका थिए । श्रीमान् काममा बिदेश नजाउन्जेल उनीहरुको जिन्दगी राम्रोसँग चलेको थियो । तर श्रीमान् जानु भएपछि सासुससुराले उनीलाई शारीरिक र मानसिक यातना दिन थाले । सासुले घरको काम र खेतबारीको काम सबै उनीलाई नै गर्न लगाउँथिन् । राति १० बजेभन्दा अघि सुत्न दिँदैनथिन् र बिहानै ४ बजे उनलाई कामका लागि उठाउने गर्थिन् ।

सासुले फोनमा सधै बुहारीले काम नगरेको भन्दै छोरालाई सुनाउने गर्थिन् र उनको श्रीमान्ले पनि उनलाई फोनबाट नै घरको काम नगरेको भनी गाली गर्ने गर्थे ।

एकदिन दिउँसोको २ बजेतिर उनी खेतमा काम गर्दै थिइन् । त्यहीबेला उनका ससुरा, सासु र देवर आएर दिउँसोको खाना किन नपकाएको भनेर रिसाउँदै उनलाई कुटपिट गर्न थाले । यसरी कुटेर उनी बेहोश भएर लडेपछि उनलाई त्यही छोडेर तिनीहरु सबै भागे । सँगै खेतमा काम गरिरहेका अरु मानिसहरुले उनलाई उठाएर जिल्ला अस्पतालको आकस्मिक सेवा विभागमा पुऱ्याए र त्यहाँबाट उनीलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा प्रेषण गरियो । त्यहाँ कार्यरत नर्स र डाक्टरहरुले उनको शारीरिक जाँच गरे । उनको जीउभरी चोटपटक थियो अनि उनको निधारबाट रगत बगिरहेको थियो । उनको निधारमा टाँका लगाइदिए । एक्स-रे र अरु आवस्यक परीक्षणहरु पनि गरिदिए । गम्भिर कुटपिटको कारण एक्स-रेमा एउटा करङ्ग भाँचिएको देखियो । उनलाई औषधीको नियमित सेवन र आरामको सल्लाहका साथै मनोसामाजिक परामर्श पनि दिए । एकद्वार संकट व्यवस्थापन केन्द्रले सबै औषधी उपचार निःशुल्क गरिदियो । उनलाई थप केही कानूनी उपचारको आवस्यकता परेमा उनलाई उक्त कानुनी उपचार सहयोग निशुल्क नै गरिदिने पनि केन्द्रले आश्वासन दियो । उनको सासुलाई बोलाएर मनोसामाजिक परामर्श पनि दिइयो । पटक पटकको परामर्श, महिला तथा बालबालिका अधिकृत, सुरक्षित आवास गृहका संयोजक र पुलिससँगको भेटपछि उनका सासुससुराले अब देखि बुहारीलाई नराम्रो व्यवहार र यातना नदिने बचन दिए । उनले पनि सासुससुरालाई व्यबहार सुधार्ने एक पटक मौका दिने बिचार गरी उनीहरु बिरुद्ध प्रहरीमा मुद्दा दर्ता गरिनन् । एक हप्ता एकद्वार संकट व्यवस्थापन केन्द्रमा बसेर उपचार गराएपछि उनी सासु ससुरासगैं घर फर्किइन् । उनी भन्छिन् “अहिले मेरो अवस्था धरै राम्रो छ । पहिले सासुससुराले मलाई कुट्ने गर्थे तर अहिले गालीसम्म गर्दैनन् । मेरो श्रीमान्ले पनि मलाई नै पैसा पठाउन थालेका छन् सायद त्यसैले होला मैले उनीहरुलाई पैसा नदिउँला भन्ने डरले उनीहरुले मलाई पिट्न सकेका छैनन् ।”

### घटना ३८

पीडित एकदम नै गरीब परिवारकी दश बर्षकी बालिका हुन् । उनका एउटा भाइ र एउटी बहिनी छन् र उनी सबैभन्दा जेठी हुन् । उनका बुबाआमा निर्माण स्थलमा मजदुरी गर्दछन् । उनी विद्यालय जान्नन् र घरमै बसी आफ्ना भाइबहिनीको स्याहार र घरको काम गर्ने गर्छिन् ।

एकदिन उनी दिउँसो काम सकेर सुतिरहेको बेला अचानक उनको बुबाले रक्सी खाएर मातेर उनलाई कुटपिट गर्न थाले र पछि जबरजस्ती उनको बलात्कार पनि गरे । रगत बग्न थालेपछि उनका बुबा त्यहाँबाट भागे । यसबारेमा उनले कसैलाई केही भनिनन् । आमा काम सकेर घर फर्किएपछि छोरीको हालत देखेर सोधपुछ गर्दा छोरीले सबै कुरा बताइदिइन् । त्यसपछि आमाले उनलाई जिल्लास्थित अस्पतालमा लिएर आइन् र प्रहरीलाई पनि घटनाको जानकारी गराइन् । अस्पतालको आकस्मिक सेवा विभागबाट उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगियो । त्यहाँ कार्यरत नर्स र दुई डाक्टरहरुले उनको घटनाको बिबरण टिपोट गरी पुरै शारीरिक परीक्षणका साथै अन्य चिकित्साजन्य कानूनी परीक्षण पनि गरे । रिपोर्टअनुसार उनको जीउभरी चोटपटक लागेको र

उनको पाठेघरको झिल्ली च्यातिएको देखायो । उनलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा भर्ना गराएर ४ दिन त्यहीं राखियो । आमा र छोरीको खाने, बस्ने, औषधी र उपचार सबै निशुल्क नै गरियो । पटक पटक मनोसामाजिक परामर्श गरियो । धेरै गरिब भएकोले उनीहरुको बाटो खर्चको पनि ब्यबस्था पनि गरियो । उनकी आमाको मद्दतले उनले आफ्नो बाबुको बिरुद्ध प्रहरीमा बलात्कारको मुद्दा दर्ता गरियो । उनको बाबुलाई प्रहरीले पक्रेर ल्यायो र उसले आफ्नो अपराध स्वीकार गऱ्यो । उसलाई अदालतबाट २० बर्षको कैद सजाय दिइयो । उपचारपछि आमा र छोरी घर फर्किए र केही महिनापछि उनी विद्यालयमा पढ्न जान थालिन् ।

## घटना ३९

पीडित एक ४० बर्षकी महिला हुन् । श्रीमान्ले छोडिदिएको कारण उनी आफ्नी दिदीको परिवासँग बस्दै आएकी छिन् । उनको भनाईअनुसार "त्यो दिन रातको करिब ८ बजेको थियो । सबैलाई खाना खुवाएर म आफ्नो कोठामा बसिरहेकी थिएँ । कोही मेरो कोठाभित्र पसेको जस्तो लाग्यो तर घरकै कोही होला भनेर वास्ता नगरी बसेकी थिएँ । एक्कासी पछाडिबाट कसैले मलाई समात्यो । कोही पराई मेरो कोठाभित्र पसेको रहेछ । मलाई समाएर जताततै सुमसुम्याउन थाल्यो र जबरजस्ती मलाई अठ्याउन खोज्यो । म कराउन थालैं र कराउँदा उसले मलाई मार्ने धम्की दिंदै थियो । म कराएको सुनेर घरका अरु सदस्यहरु मेरो कोठामा आइपुगे । उनीहरु आईपुग्नु अगाडि नै त्यो अपरिचित व्यक्ति भागिसकेको थियो । उसलाई मैले पहिले कहिल्यै देखेको थिइन ।"

उनका परिवारले यो घटना प्रहरीमा दर्ता गराए । प्रहरीले उनलाई परीक्षणका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा लग्यो । त्यहाँ आएपछि डाक्टरहरुले नर्सको सहयोगमा उनको सम्पूर्ण स्वास्थ्य परीक्षणहरु, जस्तै पिसाब, रगत, योनाङ्गको जाँच, नमूना संकलन आदि सबै गरे । उनको कपडा पनि परीक्षणको लागि पठाइयो । उनी मानसिक रुपमा अस्थिर थिइन् । त्यसैले उनलाई पटक पटक मनोसामाजिक परामर्श पनि दिइयो । डरले उनलाई घर जान मन नलागेको बताएपछि त्यहाँ कार्यरत नर्सले सुरक्षित आवास गृहसँग समन्वय गरी उनीलाई त्यहाँ बस्ने ब्यबस्था गरिदिए । त्यहाँ उनी अरु केही दिन बसे पनि मनोसामाजिक परामर्श सेवा लिइनै रहिन् । केही दिन त्यहाँ बसेपछि उनलाई दिदीको घरमा जाने मन भएकोले केन्द्रकी नर्सले दिदीलाई बोलाएर उनलाई दिदीसँगै पठाइदिइन् । प्रहरीले अभियुक्तलाई खोजिरहे पनि अहिलेसम्म पक्राउ पर्न सकेको छैन ।

## घटना ४०

पीडित ६० बर्षकी बृद्ध महिला हुन् । पैंतालिस बर्षसम्म बिबाहित सम्बन्धमा बस्दै आएकी अहिले उनका ४ बच्चा र दुई नाती नातिनाहरु छन् । उनका छोरा र छोरी बिबाह गरी आफ्नै बाटो लागिसकेका छन् भने उनी आफ्नो श्रीमान्सँगै बस्छिन् ।

उनले १४ बर्षको उमेरमा नै बिबाह गरेकी थिइन् । बिबाह पछि धेरै बर्ष सासुससुरासँग बसेपछि उनीहरु छुट्टिएर अलग्गै बस्न थाले । रक्सी नखाएको बेला उनको श्रीमान्ले उनलाई राम्रो व्यवहार गर्थ्यो । पहिले उनी रक्सी कहिले काहीँ मात्रै पिउँथे तर उमेर बढ्दै जाँदा त्यो बानी बढेर अब त

दिनहुँ जस्तो हुनथाल्यो । रात परेपछि पिएर सँधै झगडा गर्न थाल्यो । बाबुको यस्तो ब्यबहार देखेर वाक्क भई छोराछोरीहरुले पनि एक एक गर्दै घर छोडेर गए । श्रीमानले मातेर कहिले श्रीमतीलाई जे मनमा लाग्यो त्यही भनेर दोष लगाउँदै कुट्ने गर्थ्यो, कहिले यो सँग वा उसँग यौन सम्बन्ध राख्छे भनी दोष दिइरहन्थ्यो । एक पटक त १२ बर्षको बच्चासँग यौन सम्बन्ध राखेको भनेर पिट्न थाल्यो । आफ्नै छोराहरुसँग यौन सम्बन्ध राख्छेस् भनेर उसले दोष लगाउन पनि छोडेन । उनी भन्थिन् "उ पागलै जस्तै छ ।" एकदिन सधैं जस्तै घाम तापेर बसिरहेको बेला रक्सीले मातेर आएर बाँसले श्रीमतीलाई हिर्काउन थाल्यो । केही समयपछि उनले होस् गुमाइन् । त्यसपछि के भयो उनले थाहा पाइनन् । उनका छिमेकीहरुले उनलाई रगताम्य अवस्थामा अस्पतालको आकस्मिक सेवा विभागमा लिएर आएछन् र त्यहाँबाट उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा सारिएछ । प्राथमिक उपचार चाहिँ आकस्मिक सेवा विभागमा नै गरिएको थियो । मुखमा र अनुहारमा धेरै चोटपटक र घाउ लागेको थियो । शरीरभरी र खुट्टामा निलडामहरु भेटियो । उनी एकदमै नाजुक अवस्थामा थिइन् । एकद्वार संकट ब्यवस्थापन केन्द्रमा उनको पुरै शारीरिक जाँच, एक्सरे र अन्य परीक्षणहरु पनि गरियो । खाना, परीक्षण र औषधी सबै नै निशुल्क गरियो । उनी एक हप्तासम्म केन्द्रमा नै बसिन् । उपचारपछि उनी घर जान मानिनन् । एकद्वार संकट ब्यवस्थापन केन्द्रको सम्पर्क ब्यक्तिले उनलाई सुरक्षित आवास गृहमा पठाउन समन्वय गरिदियो ।

उनको श्रीमान् र छोराछोरीहरुलाई उक्त घटना र उनको अवस्थाबारे जानकारी दिइयो । केन्द्रका नर्सले उनका श्रीमान्लाई धेरै पटक मनोसामाजिक परामर्श दिइन् । त्यसपछि उसले अब रक्सी नपिउने र श्रीमतीलाई नपिट्ने बचन दिए र सुरक्षा आवास गृहमा गएर श्रीमतीलाई घर फर्किन आग्रह गरे । अब फेरि पनि रक्सी खाएर कुटपिट गरे प्रहरीकोमा उजुरी हालिदिने कुरा उनीले श्रीमानलाई सुनाइन् र उसले अब त्यसो नगर्ने बाचा गरेपछि उनी घर फर्किइन् ।

एकद्वार संकट ब्यवस्थापन केन्द्रकी नर्स उनीलाई भेट्न जाँदा श्रीमान्ले राम्रो व्यवहार गर्ने गरेको र पहिलेभन्दा रक्सी खान पनि कम गरेको कुरा सुनाईन् ।

**घटना ४१**

पीडित ३५ बर्षकी महिला हुन् । उनको एक बिदुरसँग प्रेम सम्बन्ध गाँसिएपछि उनीहरुले बिबाह गरे । सुरुका दिनहरुमा उसको व्यवहार उनीप्रति राम्रो थियो तर दिन बित्दै जाँदा उसको व्यवहारमा परिवर्तन हुँदै गयो । श्रीमान्बाट उनीले दिनहुँ जस्तै शारीरिक र मानसिक यातना भोग्न थालिन् । रातदिन नभनी उनले आफ्नो श्रीमान्को यौन तृष्णा मेटाउन बाध्य हुन्थिन् । श्रीमान्ले उनीलाई राम्ररी खान पनि दिदैनथ्यो । खाना खाइरहेको बेलामा आएर खानाको थाल फ्याकिदिने गर्थ्यो । दिनहुँको यातानाले उनको मानसिक सन्तुलन बिग्रिसकेको थियो । उनी सँधै डराएको जस्तो देखिन्थिन् । एकदिन उनी खाना बनाउँदै गरेको बेला श्रीमान्ले उनलाई ग्यासको आगोमा झोसिदियो । उनी बेस्सरी कराउन थालिन् र नजिकै कोठामा बस्ने महिलाहरु भेला भई उनलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा लिएर आए । त्यहाँ ल्याएपछि त्यहाँ कार्यरत नर्स र दुई डाक्टरले उनको पुरै शारीरिक जाँच र परीक्षण गरे । पोलेको घाउमा औषधी उपचार पनि गरिदिए । पचास

प्रतिशत जति घाटी, मुख  हातको भाग जलेको थियो । उनको पोलेको ठाउँ असाध्यै गहिरो भएकोले उसलाई एकदमै हल्का र सम्यमताका साथ हेरबिचार गरिनु पर्ने थियो । उनको मानसिक स्थिति पनि ठिक नभएकोले त्यसको पनि उपचार गरियो । यी सबै औषधोपचार निशुल्क नै गरियो । उनको छालाको grafting गर्नुपर्ने स्थिति देखियो तर उक्त सुविधा त्यस जिल्ला अस्पतालमा थिएन । यस सम्बन्धी निर्णय गर्न मामिला व्यवस्थापन समिति र लैङ्गिक हिंसा ब्यबस्थापन समन्वय समितिको बैठक बोलाइयो जहाँ प्रमुख जिल्ला अधिकारी, सरकारी वकिल, स्थानीय नगरपालिकाका कर्मचारी, प्रहरी, सुरक्षित आवास गृहका प्रतिनिधि र अन्य सरोकारवालाहरु उपस्थित भए । बैठकले पीडितको श्रीमान्लाई खोज्ने र पीडितलाई रेफरल अस्पतालमा पठाउने निर्णय गऱ्यो । बीस दिनसम्म उनी सो अस्पतालमा बसेर आफ्नो उपचार गराईन् । एकद्वार संकट व्यवस्थापन केन्द्रले खाना, औषधी उपचारको प्रबन्ध मिलाई दिएको थियो । उपचार पछि उनी आफ्नो जिल्ला फर्किन् । फर्किनासाथ उनी एकद्वार संकट ब्यवस्थापन केन्द्रमा गई सबैलाई धन्यवाद दिइन् । उनले आफ्नो श्रीमानलाई सुध्रनका लागि एउटा अवसर दिने बिचार गरिन् र उसको बिरुद्ध मुद्धा दर्ता गरिनन् ।

एकद्वार संकट ब्यवस्थापन केन्द्रमा उनको श्रीमान्लाई पनि मनोसामाजिक परामर्श दिइयो । उसले अब त्यस्तो व्यवहार नदोहोऱ्याउने र उनलाई कुनै किसिमको हिंसा नगर्ने बाचा गऱ्यो । अहिले उनको अवस्था राम्रो छ र उनको श्रीमान्ले उपचारपछि अहिलेसम्म उनीसँग अभद्र व्यवहार गरेका छैनन् ।

**घटना ४२**

मानसिक अशक्तता भएकी ३०-३२ बर्षकी एउटी महिलाले एउटा विद्यालयमा शिशु जन्माएको खबर महिला सञ्जालले एकद्वार संकट ब्यवस्थापन केन्द्रमा गरिदिए । यो खबर सुनेपछि त्यहाँ कार्यरत नर्सले आमा र शिशुको निम्ति चाहिने खाना र कपडा जस्ता सामानहरु खरिद गरी उनीहरुलाई उपलब्ध गराउन महिला सञ्जाललाई अनुरोध गरिन् । त्यसपछि आमा र शिशुलाई एकद्वार संकट ब्यवस्थापन केन्द्रमा लिएर आएपछि आमा र शिशुको शारीरिक जाँच एवम् उपचार तथा स्याहार गरी आवस्यक औषधीहरु पनि उपलब्ध गराइयो । आमाको मानसिक स्थिति ठिक नभएको कारण शिशुको स्याहारको निम्ति केन्द्रले एकजना सुसारेको पनि व्यवस्था मिलाइदियो । त्यहाँ केही दिन राखेपछि उनीहरुको पुनर्स्थापनाको उपाय खोज्न मामिला ब्यबस्थापन समितिको बैठक बस्यो । त्यसै बैठकले लैङ्गिक हिंसा ब्यबस्थापन समन्वय समितिको बैठक बोलाउने निर्णय गऱ्यो । समन्वय समितिको बैठकले आमा र शिशु दुबैलाई काठमाडौं स्थित गैर सरकारी संस्थामा पठाउने निर्णय लियो । एकद्वार संकट ब्यवस्थापन केन्द्रकी नर्सले उक्त गैर सरकारी संस्थासँग सम्पर्क र समन्वय गरेर पीडित महिला र शिशुलाई काठमाडौं पुऱ्याउन गाडीको व्यवस्था पनि गरिदिइन् । उनी त्यस संस्थामा ५ महिना बसेपछि उनको स्वास्थ्यमा केही सुधार आयो । त्यसपछि उनलाई उपचारका लागि अर्को पुनर्स्थापना केन्द्रमा पठाइयो र शिशुलाई हेरबिचारका लागि अर्कै गैर सरकारी संस्थामा पठाइयो । एकद्वार संकट ब्यवस्थापन केन्द्रका सम्पर्क ब्यक्तिले आमा र छोरी दुबैको अबस्था बुझ्न बारम्बार ती संस्थाहरुमा सम्पर्क गर्ने गर्दछन् ।

राम्रो उपचार पाएपछि महिलाको शारीरिक र मानसिक स्वास्थ्यमा निकै सुधार आएको छ । उनीले मानसिक स्वास्थ्य समस्याका लागि औषधी खाइरेकी छिन् । उनको मानसिक स्वास्थ्य अवस्थामा निकै सुधार देखिएपछि उनको औषधीको मात्रा पनि घटाइएको छ । एकद्वार संकट व्यवस्थापन केन्द्रले उनका श्रीमान र परिवारलाई खोजिरहेको छ र भेटिएपछि उनीहरुको जिम्मा परिवारलाई नै लगाउने योजना बनाएको छ ।

**घटना ४३**

कक्षा ५ मा अध्ययनरत १० बर्षकी पीडित बालिका आफ्नी बुबाआमाकी एकलौटी छोरी हुन् । उनको भनाईअनुसार विद्यालयमा आफ्नो नियमित कक्षा सकिएपछि उनी ट्युसनका लागि विद्यालयमा पर्खेर बसेकी थिइन् । उनलाई उनको शिक्षकले आफ्नो कार्यालयमा बेलुका ७:३० बजे बोलाएको थियो । नआएमा पाइपले कुट्ने धम्की दिएको थियो । उनी सोही समयमा कार्यालयमा गइन् । शिक्षकले ढोका बन्द गरेर उनलाई सुमसुम्याउन थाल्यो । पहिले उनको गाला र मुखमा म्वाई खाएपछि गालामा टोकिदियो र उनको भित्री लुगा खोल्न थाल्यो । यसै समयमा उनका बाबुले थाहा पाएर विद्यालयको उक्त कोठामा छिरेर त्यस शिक्षकलाई कुट्न थाले र प्रहरीलाई तुरुन्त घटनाको बिबरण सहित खबर गरे । हाल उक्त अपराधी जेलमा छ ।

प्रहरीले पीडितलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा आवश्यक उपचार एवम् परीक्षणका लागि लिएर आए । त्यहाँ नर्सको सहयोगमा र महिला चिकित्सकले बालिकाको सम्पूर्ण स्वास्थ्य जाँच र परीक्षणहरु गरे । बालिकाको दुबै गालामा टोकेको खत र शरीरमा केही चोटहरु भेटियो । अरु रिपोर्टहरु सामान्य नै थिए । एकद्वार संकट व्यवस्थापन केन्द्रका नर्सले उनलाई र उनको बुबालाई पटक पटक मनोसामाजिक परामर्श दिए । उनीहरुले त्यस शिक्षक बिरुद्ध अदालतमा मुद्दा दायर गरेका छन् र उक्त अपराधी हाल थुनामा बसेर अदालतको फैसला कुरिरहेको छ ।

**घटना ४४**

पीडित १७ बर्षकी मानसिक अशक्तता भएकी किशोरी हुन् । उनी आफ्ना बुबाआमा र दुई दाजुदिदीहरुसँग बस्छिन् । उनका बुबा, आमा र दाजुले पीडितलाई जिल्ला अस्पतालको आकस्मिक सेवा विभागमा लिएर आएका थिए ।

पीडितले आफूमाथि परेको घटना बिबरण सुनाउन सक्नेस्थिति थिएन । उनकी आमाको भनाईअनुसार केही महिना अघि उनलाई गाउँको एक केटाले बलात्कार गरेको रहेछ । उनकी आमाले त्यो केटो छोरीको कोठामा पसेको देखेको भए पनि समाजको डरले त्यस केटोलाई केही भन्न सकिनन् । यो बलात्कारबाट छोरी गर्भवती भएपछि उनको गर्भपतन गराउन परिवारले उनलाई अस्पताल लिएर आएका थिए ।

उनीहरुलाई अस्पताल स्थित एकद्वार संकट व्यवस्थापन केन्द्रका बारेमा केही जानकारी थिएन । उनलाई आकस्मिक सेवा विभागले एकद्वार संकट व्यवस्थापन केन्द्रमा पठाइदिए । त्यहाँ आएपछि नर्स र महिला डाक्टरको सहयोगमा सम्पूर्ण आवश्यक जाँच र परीक्षण गरियो । रिपोर्टअनुसार उनी पाँच महिनाको गर्भवती भएको देखियो । परिवारले बच्चा नराख्ने निर्णय गरे । पाँच महिनाको गर्भ

भएकोले गर्भपतन गराउनु जोखिमपूर्ण कार्य थियो । तर डाक्टरहरुको टोलीले सफलतापूर्वक गर्भपतन गरिदिए । एक हप्तासम्म पीडितलाई अस्पतालमा नै राखे । उनको उपचार खर्च लगायत खाना र कपडा सबै निशुल्क गरिदिए । त्यहाँ उनको मानसिक स्थितिको पनि परीक्षण गरी उपचार सुरु गरियो । तर उनको स्थितिमा तत्काल सुधार आएन । एकद्वार संकट व्यवस्थापन केन्द्रका प्रमुखले अपराधी बिरुद्ध मुद्दा हाल्ने बारेमा उनकी आमा र दाइलाई परामर्श दिइन् । तर परिवारले पीडक बिरुद्ध मुद्दा हाल्न मानेनन् । समाजले गर्ने तिरस्कार, घृणा र उनीहरुको इज्जतमा पनि ठेस लाग्ने जस्ता कारणहरुले गर्दा उनीहरुले प्रहरीलाई उजुरी गर्न पनि मानेनन् । उपचार पछि उनको स्वास्थ्य स्थितिमा सुधार आएपछि उनीहरु गाउँ फर्किए ।

**घटना ४५**

पीडित कक्षा ७ मा अध्ययनरत १५ बर्षीया किशोरी हुन् । उनी आफ्नो आमाबुबा र पाँच दाजुभाइसँग बस्छिन् । उनको भनाईअनुसार पीडक १९ बर्षको छिमेकमा बस्ने नातापर्ने व्यक्ति हो । उनलाई ऊ समय समयमा जिस्काउने पनि गर्थ्यो । उनीहरुको परिवार एक अर्कासँग धेरै नजिक भएको कारण उनीले उसलाई दाजु सरहको व्यवहार गर्ने गर्थिन् । घटना घटेको दिन उनी आफ्नो दिदी पर्नेलाई भेट्न गएकी थिइन् । त्यो केटो पनि उनीसँगै आएको थियो । उनी नजिकैको नदीमा नुहाउन गएको मौका छोपेर उनलाई त्यही नदीको किनारमा बलात्कार गऱ्यो र कसैलाई यस घटनाको बारेमा भने मार्ने धम्की पनि दियो । एक्लै भएको मौका पारेर उसले पटक पटक निज किशोरीलाई जबरजस्ती बलात्कार गर्ने गर्न थाल्यो । किशोरी ४ महिनाको गर्भवती भएपछि परिवारले यसबारे थाहा पाए । उनले पनि परिवारलाई सबै कुरा भनिदिइन् ।

केटाको बुबा आमाले निज पीडित किशोरीलाई बुहारीको रुपमा स्वीकार्न तयार भए पनि केटो चाहिँ उनलाई श्रीमतीको रुपमा स्वीकार गर्न तयार भएन । त्यसैले किशोरीका परिवार प्रहरीको मद्दतको लागि गए । प्रहरीले किशोरीलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा परीक्षणको निमित्त लिएर गए र नियमित सबै जाँच र परीक्षणहरु गराए । परिवारलाई गर्भपतन गराउने मन थियो तर किशोरीको अवस्था हेरेर यो अलि जोखिमपूर्ण नै थियो । त्यसैले डाक्टरले उनीहरुलाई गर्भपतन नगराउने सल्लाह दिए र सुत्केरी नहुन्जेल उनी सुरक्षित आवास गृहमा नै बसिन् । उनी एकद्वार संकट व्यवस्थापन केन्द्रमा आफ्नो नियमित गर्भ परीक्षणको निमित्त आउने गर्थिन् । उनलाई बेला बेलामा परामर्श पनि दिइन्थ्यो । सुत्केरी अवस्थामा र पछि पनि एकद्वार संकट व्यवस्थापन केन्द्रले उनलाई नियमित उपचार प्रदान गरिनै रह्यो । उनले सामान्य किसिमले आफ्नो बच्चा जन्माइन् । उनको भनाईअनुसार अस्पतालका सबै कर्मचारीहरु र डाक्टरहरुले उनीसँग असाध्यै राम्रो व्यवहार गरे । आफूले बच्चा राखेर हुर्काउने स्थिति नभएकोले उनले बच्चा नभएको दम्पतीलाई बच्चा दिईन् । उनले भनिन् “मैले आफ्नो बच्चालाई राखेर उसलाई राम्रोसँग स्याहार सुसार दिएर हुर्काउन सक्ने स्थिति थिएन । म उसलाई केही दिन पनि सक्दिन थिएँ त्यसैले उसको भविष्य खराब गर्न चाहन्नथे ।”

उनको बुबाआमाले यस घटनालाई लिएर प्रहरीमा उजुरी गर्न दिएनन् । बच्चा जन्माइसकेपछि सुरक्षित आवास गृहका संयोजक र एकद्वार संकट व्यवस्थापन केन्द्रका प्रमुखको सहयोगमा उनी एक गैरसरकारी संस्थामा बसेर केही सीप सिकिरहेकी छिन् र उनी अझै केही समय त्यहीं नै बस्छिन् ।